जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९०१०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com


हसिना र गान्धीबीच भेटवार्ता पृष्ठ ६ मा



वर्ष २५ •अंक १११ •२०७९ साल भाद्र २३ गते विहीबार (8 September, Thursday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

# तीन पार्टीका अध्यक्ष एउटै क्षेत्रबाट सिफारिस

**टुडे समाचारदाता**

राजविराज । सप्तरीबाट मधेशी दलका प्राय सबै जसो प्रमुख नेताहरुलाई आगामी प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवार सिफारिस गरिएको छ।

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवलाई जिल्लाको ४ वटै प्रतिनिधीसभा क्षेत्रबाट उम्मेदवारका लागि सिफारिस गरिएको छ भने लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुरको नाम क्षेत्र नं.२ बाट सिफारिस गरिएको छ। लोसपा कै वरिष्ठ नेता राजेन्द्र महतो क्षेत्र नं.३ बाट सिफारिस भएका छन्।

जनमत पार्टीले यस अघि नै अध्यक्ष सिके राउतलाई क्षेत्र नं.२ बाट उम्मेदवार बनाउने निर्णय गरिसकेको छ।

यसरी मधेशवादी दलका प्राय सवै जसो प्रमुख नेताहरु यसै जिल्लाबाट सिफारिसमा परेपछी राजनीतिक तरंग ल्याएको छ। मधेशवादी दल भनिएका जसपाका अध्यक्ष यादव, लोसपाका अध्यक्ष ठाकुर र जनमतका अध्यक्ष डा.राउत एउटै क्षेत्र (क्षेत्र नं.२ ) बाट सिफारिसमा परेपछी झन चुनावी माहौल तताएको छ।

मधेशवादी दल लोसपाका वरिष्ठ नेता राजेन्द्र महतो भने ३ नं.क्षेत्रबाट सिफारिसमा परेका छन्। यस अघि २ नम्बर क्षेत्रबाट चुनाव जितेका जसपाका अध्यक्ष यादवको नाम जिल्लाको ४ वटै क्षेत्रबाट सिफारिस गरिए पनि उनी २ नम्बर क्षेत्र बाटै चुनाव लड्ने बलियो सम्भावना रहेको जसपाका जिल्ला अध्यक्ष केदार यादवले जानकारी दिए।

सोही क्षेत्रबाट उम्मेदवारी घोषणा गरीसकेका जनमत पार्टीका अध्यक्ष डा.राउत अहिले घरदैलो र चुनावी सभामा व्यस्त भएका छन्।

एक महिना यता आफ्नो क्षेत्रमा आधा दर्जन चुनावी सभा गरिसकेका उनले यस पल्ट उक्त क्षेत्रमा जनमतले पकड बनाउने दावी गर्दै आएका छन्।

यता आगामी प्रदेश र प्रतिनिधी सभा निर्वाचनका लागि उम्मेदवार चयन तथा सिफारिस गर्ने क्रम धमाधम चलिरहेको छ।


International Labour Organization

सूचना ! सूचना !! सूचना !!!

FWEAN

WORKING TOGETHER FOR SOCIO ECONOMIC TRANSFORMATION

## कार्यस्थलमा आधारित निशुल्क सीपमूलक तालिमको सूचना

अन्तर्राष्ट्रिय श्रम संगठनको आर्थिक सहयोगमा महिला उद्यमी महासंघ नेपालको नेतृत्वमा महिला उद्यमी संघ धनुषाले महिलाहरुलाई लक्षित गरि कार्यस्थलमा आधारित तपसिल बमोजिमका रोजगार उन्मुख सीप विकास कार्यक्रमहरु संचालन गर्न लागेको हुनाले सीप सिकेर रोजगार/स्वरोजगार बन्न चाहने महिला दिदीबहिनीहरुले सम्पर्क राख्न हुन सुचित गरिन्छ। इच्छुकले दिएको तालिम पहिला लिएको भएमा मान्य हुने छैन र कम्तिमा १० कक्षा उर्त्तिण हुनुपर्ने छ।

| क्र.सं. | तालिमका विषयहरु | समयावधि | आवश्यक संख्या | तालिम स्थल |
|---|---|---|---|---|
| १ | मिथिला कला | १ महिना | २५ जना | जनकपुर |
| २ | सिलाइ कटाई | १.५ महिना | १५ जना | जनकपुर |
| ३ | ढाकी बुनाई | १ महिना | २० जना | जनकपुर |

**नोट** : स्थानिय गाउँ/नगर पालिकाको रोजगार सेवा केन्द्रको बेरोजगार सूचीमा सुचिकृत तथा तालिम पश्चात आफ्नै व्यवसाय संचालन गर्न चाहनेलाई तालिममा विशेष प्राथमिकता दिइने छ।

**आवेदन दिने अन्तिम मिति** : २५ भाद्र २०७९

**आवेदन दिने स्थान** : महिला उद्यमी महासंघ नेपाल

**सम्पर्क नं.** : ९८५२११७९२६८/९८०६०२१०८३





# 'कम सिट पाए बिद्रोह'



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले सय भन्दा कम सिट पाए पार्टीभित्र बिद्रोह हुन सक्ने शंका व्यक्त गरेका छन्। बुधबार जनकपुरधाम विमान स्थलमा सञ्चारकर्मीसँग कुराकानी गर्दै अगामी निर्वाचनको लागि प्रतिनिधिसभा तर्फ १६५ मध्ये एक सय सिट पाउनु पर्ने उनले दावी गरे।

कांग्रेसको अवस्था गत निर्वाचन भन्दा उत्कृष्ट रहेको भन्दै उनले स्थानीय तहको निर्वाचनले समेत मुलुक कांग्रेस मय रहेको बताए। 'सय सिटमा पनि कांग्रेसभित्र व्यवस्थापन गर्न गाह्रो छ। त्योभन्दा कम पाए स्थिति भयावह हुन्छ,'उनले भने,' कांग्रेसभित्र बिद्रोह हुन सक्छ। बिद्रोह भए गठबन्धनको औचित्य समाप्त हुन्छ।'

तर, गठबन्धनमा सभापति शेरवहादुर देउवाले ८६ सिट सम्म सहमति गर्ने मनस्थिति बनाई सकेका छन्। गठबन्धनले घाटा हुने भए पनि प्रतिगमन शक्तिलाई परास्त गर्न तयार रहेको उनले बताए। गठबन्धन भए कांग्रेसले समानुपातिक मत कम पाउने उल्लेख गर्दै आगामी सरकारको नेतृत्वको अवसर पनि गुम्ने उनको तर्क थियो।

कांग्रेसले एक सय सिट पाए ७० सिट जित्ने उनको दावी छ। 'गठबन्धन भित्र सहमती हुन अझै केही समय लाग्न सक्छ,'उनले भने,'एक/दुई दिन भित्र प्रतिनिधिसभा तर्फको टुङ्गो लाग्छ।'

धनुषाको औरहीमा आयोजित कार्यक्रममा सहभागी हुन आएका नेता कोइरालाले कांग्रेसीहरुले अरु पार्टीलाई मतदान गर्न इच्छुक नरहेको भन्दै गठबन्धनका अन्य दललाई मतदान कसरी गर्छ त्यस तिर केन्द्रीय नेताहरुलाई ध्यानाकर्षण गराएका थिए।



# ‘तेस्रो टीबीसी जब फेयर’ सम्पन्न



**टुडे समाचारदाता**

काठमाण्डु । काठमाण्डुको थापाथलीस्थित ‘द ब्रिटिस कलेज’ (टीबीसी)ले आयोजना गरेको ‘टीबीसी जब फेयर ३.०) सम्पन्न भएको छ। कलेजले फ्रक्स जबको सहकार्यमा थापाथलीस्थित आफ्नै भवनमा सेप्टेम्बर २ मा तेस्रो जब फेयरको आयोजना गरेको हो ।

जब फेयरमा उत्पादन, रिटेल, अकाउन्टिङ, सूचना प्रविधि तथा बिभिन्न क्षेत्रमा काम गर्दै आएका २५ बहुराष्ट्रिय तथा नेपाली कम्पनीहरुको उपस्थिति रहेको थियो । कम्पनीका प्रतिनिधिहरुले टीबीसीमा हाल अध्ययनरत विद्यार्थी तथा पूर्व विद्यार्थीहरुलाई क्षमताको आधारमा कामको अवसर दिए । उक्त अवसर प्रदान गर्ने कम्पनीहरुमा लिपफ्रग, दराज, द चौधरी ग्रुप, आइएमएस, बियोण्डआइडी, नेपाल पेमेन्ट सोलुसन (डिजीहब), सुबिसी केबलनेट, जिनिएस डिजाइन्स प्रा.लि, एक्ट ३६०, यति एयरलाइन्स, इसेवा, गेन्स, रिगो टेक्नोलोजी, युनिलिभर, क्लासिक टेक, द आइडिया जार, युएन, लुप नेटवर्क, सुलभ पे, मजेस्टिक मार्केटिङ र द ब्रिटिस कलेज रहेका थिए।

कार्यक्रमको उद्घाटनलाई सम्बोधन गर्दै द ब्रिटिस कलेजका एसोसियट डिन अरुण जोशीले स्वागत गरेका थिए। त्यस्तै कार्यक्रमबारे फ्रक्स जबका सिइओ बिमल कँडेलले परिचयात्मक जानकारी दिएका थिए । कलेजले दिएको जानकारी अनुसार उक्त फेयरमा कुल २३३ अन्तर्वार्ता भएको थियो। कार्यक्रमको अन्त्यमा आउने दिनमा आयोजित हुने जब फेयरलाई थप सफल बनाउन प्रतिक्रिया र सुझाव समेत संकल गरिएको थियो।

त्यस्तै द ब्रिटिस कलेजका एसोसियट डिन अफ क्वालिटी एण्ड एसुरेन्स एमलाल चन्द्र राजभण्डारीले कार्यक्रम समापनको मन्तव्य दिएका थिइ । साथै कार्यक्रममा उपस्थित विभिन्न कम्पनीका प्रतिनिधिहरुलाई उनले मायाको चिन्हो प्रदान गरे।

कार्यक्रममा अन्तिम वर्षमा अध्ययनरत बीबीए, बीएस्सी (हन्स) कम्प्युटिङ तथा एसीसीएका विद्यार्थी साथै स्नातोकोत्तर तहको एमएस्सी आईटी, ईएमबीए, एमबिए तथा एमआईबीएम तहका विद्यार्थीहरु पनि जब फेयरमा सहभागीता रहेको थियो।

द ब्रिटिस कलेजका एडमिसन तथा मार्केटिङ हेड अमरदिप मण्डलले भने, ‘टीबीसीले हरेक वर्ष आयोजना गर्ने यो कार्यक्रमले विद्यार्थीहरुलाई उत्कृष्ट अवसर प्रदान गर्दै आइरहेको छ। यो कार्यक्रमलाई थप विस्तार गरेर अगाडि बढ्ने कुराप्रति विश्वस्त दिलाउन चाहन्छु।’ उनले जब फेयरमा सहभागी भएका सबैलाई धन्यवाद दिए।

# जग्गा विवादले हुलाकी राजमार्ग निर्माण अवरुद्ध

**टुडे समाचारदाता**

जनकपुरधाम । जग्गासम्बन्धी विवादका कारण राष्ट्रिय गौरवका आयोजनामध्येको निर्माणाधीन पूर्व-पश्चिम हुलाकी राजमार्गअन्तर्गत धनुषाको कमला-जनकपुरधाम खण्डको काम अवरुद्ध भएको छ । जग्गा विवादलाई लिएर स्थानीयले अदालतमा दिएको मुद्दालगायतका कारणले धनुषाको औरही र तिनकौरिया बजारमा सडक निर्माणको काम प्रभावित भएको हो।

पूर्व कमलाबाट पश्चिम जनकपुरधामसम्मको कुल २७ किलोमिटर सडकमध्ये करिब २५ किलोमिटर सडक निर्माणको काम अन्तिम चरणमा पुग्न लाग्दा पनि बाँकी रहेको करिब दुई किलोमिटर सडकमा जग्गा विवादका कारण काम अघि बढाउन नसकिएको भएको छ।

औरही बजारको इलाका प्रहरी कार्यालय अगाडिको जग्गा आफ्नो हो भन्दै स्थानीय रामबाबु साह सुडीले उच्च अदालत जनकपुरधाममा मुद्दा दिएको र सोही मुद्दामा अदालतले मुआब्जा दिएर मात्र सडक बनाउन आदेश दिएकाले समस्या भएको छ।

‘अदालतले सुडीलाई जग्गाको मुआब्जा दिएर मात्र सडक बनाउन आदेश दिएको छ । जग्गाको मुआब्जा उनलाई मात्र दिए अरु ठाउँको जग्गाधनीले पनि मुआब्जा माग्छ र विवाद हुनसक्छ। समस्या समाधानका लागि पटक-पटक भएको प्रयास असफल भएकाले सडक निर्माणको काम प्रभावित हुँदै आएको छ।

जग्गा विवादले औरही बजारको करिब पाँच सय मिटर सडक निर्माणको काम अझ सुरु हुन सकेको छैन्। त्यस्तै धनुषाको बिदेह नगरपालिकाको तिकौरिया बजारमा जग्गा विवादलाई लिएर स्थानीयले अवरोध गरेपछि तिनकौरिया बजारदेखि करिब छ सय मिटर सडक निर्माणको कामसमेत प्रभावित भएको छ। सडक निर्माणका लागि स्थानीयले जग्गा अधिग्रहण गर्न नदिने र सडक छेउमा कुलोबाटै सडक बनाउन दबाब दिँदै आएकाले सडक निर्माणका समस्या भएको छ। सो क्षेत्रमा जग्गा अधिग्रहण गर्न स्थानीय तहले पनि चासो नदेखाउँदा समस्या समाधान हुन नसकेको तिनकौरियाका स्थानीय बजारवासीको कथन छ।



लामा रमण जेभी २०७८ चैत ३० गते स्तरोन्नतिको काम पूरा गर्ने गरी विसं २०७३ असार ३१ गते सम्झौता गरेको थियो । सो मितिमा निर्माण सम्पन्न हुन नसकेपछि पुनः म्याद थप गरिएको छ । थपिएको म्याद २०७९ चैत ३० गते सकिने छ । विसं २०७८ चैत मसान्तभित्र सडकको सबै काम सम्पन्न गर्ने लक्ष्य भए पनि सडक निर्माणका क्रममा विभिन्न स्थानका बासिन्दाले जग्गा विवादलाई लिएर अदालतमा मुद्दा हाल्ने र विवाद सिर्जना गर्ने कार्यले निर्माणको काम समयमा अघि बढाउन नसकिरहेको हो।

यसैबीच हुलाकी सडकअन्तर्गत सिरहाबाट सर्लाहीसम्मको करिब दुई सय ३३ किलोमिटर सडकअन्तर्गत हालसम्म एक सय ५३ किलोमिटर सडकमा कालोपत्र सकिएको छ । बाँकी ८० किलोमिटर सडकमा पनि तीव्ररूपमा काम भइरहेको हुलाकी राजमार्ग आयोजना कार्यालयले जनाएको छ । जनकपुरधामस्थित कदमचोकबाट कमला नदीसम्मको २६ किलोमिटर सडकमध्ये १८ किलोमिटर सडकमा कालोपत्र गरिएको र बाँकी आठ किलोमिटर पनि तीव्ररूपमा काम भइरहेको हुलाकी राजमार्ग आयोजना कार्यालयका प्रमुख कृष्णकुमार महतोले जानकारी दिए।

यस्तै सप्तरी र सिरहाको सीमा छुट्याउने बलान नदीबाट कमला नदीसम्मको सिरहा खण्डको ३० किलोमिटर सडकमध्ये २४ किलोमिटर कालोपत्र सकिएको र बाँकी छ किलोमिटर सडकमा पनि केही दिनभित्रै कालोपत्र सकिने प्रमुख महतोले बताए।

सो सडक निर्माणको ठेक्का लिएको स्वछन्द, रोशन, महादेव खिम्ती जेभी जनकपुरधाम उपमहानगरपालिका-४ धनुषाले निर्धारित समयमै काम सकिने गरी काम तीव्ररूपमा भइरहेको जनाएको छ। दुई लेनको उक्त सडक कालोपत्र गर्न एक अर्ब २० करोड २० लाखमा सम्झौता भएको ठेक्का कम्पनीका इञ्जीनियर चन्द्र यादवले जानकारी दिए।

धनुषा र सिरहा खण्ड निर्माणको कामले गति लिए पनि सर्लाही खण्डमा भने भर्खरै मात्र काम सुरु भएको छ। सर्लाहीको शीतलपुर-मलङ्गवा खरैया टोलसम्मको सडक निर्माणका काम सुरुमा सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुर रौतहटबाट हुँदै आए पनि काम अघि बढ्न नसकेको भन्दै हुलाकी राजमार्ग आयोजना कार्यालयलाई हस्तान्तरण गरिएको थियो।

करिब ४२ किलोमिटरको सो सडक हुलाकी राजमार्ग आयोजना कार्यालयमा हस्तान्तरण भएयता एक किलोमिटर सडकमा कालोपत्रको काम सम्पन्न भएको र अन्य खण्डमा माटो ग्राभेलको काम भइरहेको प्रमुख महतोले जानकारी दिए।

चालु आर्थिक वर्षभित्रै हुलाकी सडक निर्माणको काम सम्पन्न गर्ने लक्ष्य लिए पनि राजमार्गभित्र परेका घर टहरा हटाउन भएको ढिलाइ, ठाउँ ठाउँमा जग्गासम्बन्धी विवाद र कोभिड-१९ माहामारीलगायतका कारण हुलाकी राजमार्ग निर्माणको कार्य केही पछि धकेलिएको उनको भनाइ छ।

यस्तै हुलाकी राजमार्गअन्तर्गत सिरहादेखि सर्लाहीसम्म सडकखण्डमा निर्माणाधीन नौवटा पुल निर्माणको काम अन्तिम चरणमा पुगेको हुलाकी राजमार्ग आयोजना कार्यालयले जनाएको छ । मधेशकै लाइफ लाइनका रूपमा मानिएको हुलाकी सडकको निर्माणको काम तीव्ररूपमा अघि बढेपछि सो भेगका सर्वसाधारण खुसी भएका छन्। हुलाकी सडक निर्माण भएपछि मधेशको विकासले गति लिनुका साथै हजारौं युवामा रोजगारीको अवसर सिर्जना हुने स्थानीयवासीको विश्वास छ।

हुलाकी सडक जीर्ण हुदाँ सर्वसाधारण सास्ती व्यहोर्दै आएका थिए। सडक निर्माण भएपछि सहजरूपमै सदरमुकामसम्म पुग्न सकिने स्थानीयको भनाइ छ। पूर्व-पश्चिम राजमार्गको समानान्तर सीमा हुँदै करिब २० देखि ३० किमी दक्षिणतर्फ भएर फैलिएको हुलाकी राजमार्गलाई राणाकालीन समयदेखि नै चिठ्ठीपत्र ओसारपसार गर्ने हुलाकी हिँड्ने छोटो बाटो जसलाई पदम शम्शेरले आगाडि बढाएकाले पदमरोड पनि भनिने गरिन्छ।

# भक्तपुरमा ईन्द्रजात्रा सुरु

भक्तपुर । धार्मिक तथा सांस्कृतिक महत्व बोकेको परम्परागत ईन्द्रजात्रा भक्तपुरमा बुधबारबाट सुरु भएको छ । प्रत्येक वर्ष भाद्र शुक्ल द्वादशीको दिन भक्तपुर नगरपालिकाका टोल टोलमा इन्द्रको मूर्ति स्वरुप यमःद्यो ठड्याएर जात्रा सुरु गरिन्छ।

भक्तपुरको ईन्द्रजात्रामा स्थानीय गुठीयारले टोल टोलमा यमःद्यो ठडयाएर, सलाँ गणेश, छुमा गणेश, इन्द्रायणी देवी र भैरवको जात्रा, याँमता(आकाश दीप) जात्रा, मुपात्र जात्रा र पुलुकीसी जात्रा गरी आठ दिनसम्म धुमधामका साथ मनाउँछन्।

जात्राको पहिलो दिन स्थानीय गुठियारले नगरका टोल टोलमा विधिवत पूजाआजा हित नगरका ईताछें., तेखापुखुः, मुलाखुः, बुलुचा, साकोठा, भोलाछें, सुजम्हरी, खौमा, गःहीटी, महालक्ष्मी स्थान, चासुखेललगायतका स्थानमा यमःद्यो ठड्याइन्छ। दोस्रो दिनलाई शून्य दिन मानिन्छ। यस दिन जात्राको कुनै कार्यक्रम हुने छैन।

जात्राको तेस्रो दिन अर्थात ईन्द्रजात्राका दिन साँझ खौमास्थित ईन्द्रायणी देवीको खट जात्रा मनाइन्छ । जात्रामा ईन्द्रायणी देवीलाई सिंङ्गारपटार गरी विधिवत पूजा गरेर परम्परागत बाजागाजाका साथ दाफा, भजन गाएर, स्थानीय महिला हाकुपटासीमा सजिएर सुकुना बालेर, बालबालिका र वृद्ध ढुप दिप बालेर सिद्धपोखरीले परिचित ईन्द्र दहको दक्षिण दिशाको बिचमा ल्याई विराजमान गराइन्छ। जात्राको क्रममा राति पालाको दिप बालेर दहलाई सजाइन्छ । यस दिन राति दहमा मेला लाग्छ। मध्यराति तान्त्रिक पूजा गरी ईन्द्रायणीलाई भोगवली चढाउने परम्परा रहेको छ।

जात्राको चौथौ दिन यन्या पुन्ही( भाद्र शुक्ल पुर्णिमा)का अवसरमा धार्मिक तीर्थस्थलका रूपमा रहेको प्रसिद्ध प्राचीन इन्द्र दहमा बिहानै स्नान गरी ईन्द्रायणी देवीको पूजाआजा गर्ने भक्तजनको ठूलो घुइँलो लाग्ने गर्छ । देवराज ईन्द्रले स्नान गरेको दह हुनाले यस दिन ईन्द्र दहमा स्नान गरी ईन्द्रायणी देवीको पूजा आराधना गरेमा पुण्य प्राप्ति हुनुका साथै पारिवारिक सुःख समृद्धि मिल्ने जनविश्वास छ।

यस दिन ईन्द्रायणी देवीको मात्र नभएर दह छेउछाउमा रहेका लिच्छविकालीन र मल्लकालीन शैव, शक्ति, बौद्ध, वैष्णव, सम्प्रदायका देवीदेवताका मूर्तिहरू तथा वासुकी नागको पूजा गरिन्छ । दहको पूर्वदिशामा रहेको शिवलिङ्गमा जल चढाइ पिउने परम्परा छ। राती ईन्द्रायणी देवीलाई परम्परागत बाजागाजाका साथ पुनः जात्रा गरी खौमा स्थित देवगृहमा ल्याई विधिवत पूजा गरी आशनमा विराजमान गराइन्छ । जात्राको पाँचौ दिनलाई पनि शून्य मानिन्छ।

जात्राको छैठौं दिनदेखि तीन दिनसम्म लगातार याँमता र मुपात्र जात्रा मनाइन्छ। पहिलो दिन सकुलान टोलका मानन्धर समुदायले दत्तात्रयस्थित भिमसेन मन्दिरमा एक जोडी याँमता (त्रिशुल आकारको माथि फर्किएका तीन वटा टुप्पामा बालिने बत्ती) बालिन्छ । लगतै तचपालको सँला गणेशलाई विधिवत पूजा गरी खटमा राखिन्छ। गणेशलाई खटमा राखिसकेपछि अगाडि याँमता त्यसपछि सलाँ गणेशको जात्रा गरिन्छ। त्यसपछि मुपात्र जात्रा मनाइन्छ। जात्रामा याँमता, गणेश र मुपात्रलाई यमःद्यो भएको ठाउँमा परिक्रमा गराइन्छ।

जात्रामा मुपात्र प्रमुख र धिःचा नामक उनका अन्य दुई सहायकसहित तीन जनालाई राक्षसको पोसाक लगाइ अनुहारमा विभिन्न रङ लगाइ सिंङ्गारपटारका साथ तरवार समात्न लगाई शहर परिक्रमा गराउने प्रचलन छ। शहर परिक्रमा गर्दा टोल टोलमा ठड्याएको यमःद्योलाई मुपात्रले तीन पटक घुमेर तरवारले हान्ने गरिन्छ।

जात्राको सातौ दिन बेलुका गोमारीको मानन्धर समुदायको याँमतासँगै चोछें टोलको छुमा गणेशको जात्रा गरिन्छ । यस दिन गोमारीको मानन्धर समुदाय साँझ छुमा गणेशकहाँ गएर सुकुना बालेर आईसकेपछि गोमारी मानन्धर चोकमा एउटा याँमता बालेर जात्रा शुरु गरिन्छ। याँमता चोछेंमा पुगेपछि छुमा गणेश त्यसको पछाडी गई जात्रा गर्छ। लगतै भक्तपुरको दरबार स्क्वायरबाट मुपात्र निकालेर जात्रा गरिन्छ।

जात्राको अन्तिम दिनमा तल्लो टोलको मानन्धर समुदायले एक जोडी याँमता लाने परम्परा छ । यस दिन याँमतासँगै तमारी( तौमढी)को भैरवको खट जात्रा र पुलुकिसी जात्रा गरिन्छ। सुरुमा तल्लो टोल तेखाचो र तापालाछींका मानन्धर समुदायले भैरवनाथ मन्दिरमा गई सुकना बालेर आउँछ। त्यसपछि बुलाचास्थित ढुङ्गेधारामा एकजोडी याँमता बालेर जान्छ । त्यसको पछाडि तमारीको आकाश भैरवको अर्को स्वरुप मसान भैरवको खट जात्रा गारिन्छ। खट जात्रामा नायखिङ (खड्गी समुदायको विषेश)बाजा बजाएर भैरवनाथको रथलाई परिक्रमा गराइन्छ । परिक्रमा गर्नु पुर्व गुठी संस्थानबाट भैरवलाई विधिवत रूपमा बली पूजा गरिन्छ।

भैरवको खट जात्रा गरेपछि स्थानीय लाकुलाछें टोलका समुदायले बाँसको मान्द्रोमाथि नीलो कपाडाले छोपेर अगाडिको भागमा हात्तीको सुँढ राखी तयार गरिएको पुलुकिसी जात्रा सुरु गरिन्छ । जात्रा सुरु गर्न अगाडि तमारीको भैरव मन्दिर अगाडि तीन पटक घुमेर पुलुकिसी जात्रा सुरु गर्छ। जात्रामा पुलुकिसीलाई चार मानिसले बोकेर ल्याइन्छ भने एक जनाले पुलुकिसीभित्र बसेर घण्टा बजाएर आउने परम्परा छ।

देवराज ईन्द्रका विश्वासिलो सेवक ऐरावत हात्तीको रूपमा लिइने पुलुकिसीलाई नगर परिक्रमा गराउँदा दोबाटो चौबाटोमा धान खुवाउने, टौमढी र दरवार स्क्वायरको डबलीमा आगो तपाउने, सूजमारीको तला तुन्छी (इनार) मा पानी खुवाउने प्रचलन रहेको छ । जात्राको क्रममा पुलुकिसीको सुढंले मानिसलाई छोएमा दशा लाग्छ भन्ने धार्मिक विश्वास अनुसार पुलुसिकी आउँदा सुंढले छुन्छकी भनी मानिसहरू परपर भाग्ने गर्दछ । देवीपुराण ग्रन्थअनुसार पुलुकिसी जात्रा देवराज ईन्द्रका पुत्र जयन्तलाई खोज्न हिडेको सम्झनामा मनाएको हो।

जात्रामा पुलुकिसीले कथंकदाचित मूपात्रलाई भेट्यो भन्ने कुल्चेर मार्दा पनि हात्ती बन्ने पात्र र उनका सहयोगीहरूलाई कुनै कानुन नलाग्ने भएकाले यस दिन पुलुकिसी जात्रा नगरको आधाभन्दा बढी ठाउँमा परिक्रमा गरेपछि मात्र मूपात्र जात्रा शुरु गरिन्छ । यस दिन भक्तपुरको भैरव मन्दिरबाट मुपात्र जात्रा निकाल्छ।रासस

# लाईन काटेर महशुल असुली

**टुडे समाचारदाता**

राजविराज । नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र कञ्चनपुरले आर्थिक वर्षमा महसुल नतिर्ने ग्राहकको लाइन काटेर दुई करोड ६५ लाख ५५ हजार सात सय ४८ असुलउपर गरेको छ।

कञ्चनपुर वितरण केन्द्रका प्रमुख सञ्जीव साहले आर्थिक वर्ष २०७८/०७९ मा विद्युत् महसुल नबुझाएका नौ सय ७८ ग्राहकको विद्युत्को लाइनसमेत काटिएको बताए । चार करोड ८४ लाख ८३ हजार नौ सय ९७ मूल्य बराबरको ग्राहकबाट असुल गर्न बाँकी रहेकोमध्ये विद्युत् लाइन पुनः जडान गरिएबापत अहिले तत्काल दुई करोड ६५ लाख ५५ हजार सात सय ४८ सङ्कलन गरेको केन्द्र प्रमुख साहले जानकारी दिए। छ सय २५ जना ग्राहकले उक्त रकम बराबरको महसुल तिरेको उनले बताए।

कञ्चनपुर वितरण केन्द्रको औसत सङ्कलन पनि ९९.९ प्रतिशत रहेको बताउँदै बितेको आर्थिक वर्षमा विद्युत् चुहावट गर्ने दुई सय ८१ जनालाई कारवाहीसमेत गरिएको प्रमुख साहले बताए । उनले भने-‘ विद्युत् चुहावट गर्ने क्रममा ४२ जनालाई कारबाही गरिएको छ।’ चुहावटबाट २० लाख ८४ हजार चार सय ९३ असुल गरिएको हो। आर्थिक वर्ष २०७७/७८मा औसत २६ प्रतिशत घटी रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा २४.०३ प्रतिशतमा झारिएको साहले दाबी गरे । कञ्चनपुर वितरण केन्द्र अन्तर्गत २२ प्रतिशत ग्राहकले अनलाईनमार्फत भुक्तानी गरेका छन् । इन्टरनेटको पहुँचमा हुने ग्राहकलाई अनलाईनमार्फत भुक्तानी गर्न आग्रह गरिएको छ।

# दबाब तथा प्रभावमा नपरी काम गर्न आग्रह

**टुडे समाचारदाता**

वीरगञ्ज । मधेश प्रदेशका प्रमुखसचिव कृष्णबहादुर राउतले कर्मचारीलाई सेवामैत्री भावनाले सेवा प्रवाह गर्न निर्देशन दिएका छन् । निजामती सेवा दिवस २०७९ को अवसरमा पर्सामा वुधवार आयोजित कार्यक्रममा उनले कर्मचारीले सबै सेवाग्राहीलाई कसैको दबाब तथा प्रभावमा नपरी काम गर्न आग्रहसमेत गरे।

सो क्रममा पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले सबै कर्मचारीले चुस्त दुरुस्तरूपमा प्रभावकारीरूपमा सेवा प्रवाह गर्नुपर्ने बताए। निजामती सेवा दिवस २०७९ को अवसरमा देशभरि विविध कार्यक्रम गरी मनाइएको छ।

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : भ्रमण अवसर हुने । |
| कन्या | : बौद्धिक क्षमता । |
| तुला | : धन बृद्धि सञ्चय । |
| बृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : पारिवाहिक सुख । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# भ्रष्टाचार मुक्त अभियानमा कांग्रेस नेता यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता सुरेश प्रसाद यादव भ्रष्टाचार मुक्त अभियान शुरु गरेको छ। नेपाली कांग्रेस मधेश प्रदेश समिति सदस्यसमेत रहेका यादवले महोत्तरीबाट अभियान शुभारम्भ गरेको हो।



नेता यादवले स्थानीय जनप्रतिनिधि, कर्मचारी, प्रहरी र विद्यालयका विद्यार्थी, शिक्षक समक्ष पुगेर भ्रष्टाचार नगर्न आग्रह गर्दै सो सम्बन्धि 'स्लोगन' भएको मायाको चिनोसमेत दिने हरेक कार्यालयमा दिई अभियान शुभारम्भ गरेका छन्।

हाल सम्म भंगहा र बर्दिबास नगरपालिकाको चार वटा वडामा पुगेर अभियान गर्नुको साथै सहज रुपमा जनताको काम गर्न र भ्रष्टाचार नगर्न/गराउन सरोकार बलासँग प्रतिबद्धतासमेत गराउने गरेको नेता यादवले बताए। बर्दिबास गरेका छन्। उनले 'सम्पूर्ण जनप्रतिनिधिको प्रतिबद्धता, भ्रष्टाचार मुक्त समाजको निर्माण' नारा दिएर नेपालको चुचे नक्सा र झण्डासहितको मायाको चिनो वडा नम्बर ४ का वडाध्यक्ष एकल कुमार पाखिन, वडा नम्बर १२ का राम किसोर साह, भंगहा नगरपालिका ३ का जितेन्द्रकुमार सिंह, वडा नम्बर ४ का वडाध्यक्ष गणेश प्रसाद महतोलाई मायाको चिनो दिएर सम्मान गरेको उनले बताए।

उनले जनप्रतिनिधि र कर्मचारीबीच सम्बन्ध सुमधुर हुनुपर्ने भन्दै सँधै जनताको हितमा काम गर्न सुझाए। 'जनताको ताली खाने व्यक्तिलाई कुनै बेला गाली पनि खानु पर्छ,'उनले भने,'तर जनप्रतिनिधिलाई मन दुखाउनु हुँदैनन्। सदैव मिठो मुस्कानसहित जनतालाई छिटो र सहज सेवा दिनु पर्छ।'

अभियानको क्रममा नेता यादव बुधबार प्रहरी चौकी सितापुरका सहायक प्रहरी निरीक्षक अवधलाल सोनारलाई पनि सम्मान गरी मायाको चिनो प्रदान गरेका थिए। सो क्रममा स्थानीय नेता रमेश सिंह, कलपराज कोइराला र सबिन ढकालसहितको उपस्थिति थियो। अभियान शुरु गरेका यादव पार्टीको महोत्तरी निर्वाचन क्षेत्र १ को 'क' बाट प्रदेशसभातर्फ उम्मेदवारको रुपमा सिफारिससमेत भएका छन्। उनी सो क्षेत्रका अनुशासन समिति संयोजक पनि छन्।

# मधेश प्रदेशका प्रमुख न्यायधिवक्ता झा पछि प्रदेश कानून अधिकृत साह पनि चुनावी तयारीमा

**टुडे समाचारदाता**

राजविराज । मधेश प्रदेशका कानून अधिकृत कानून व्यवसायी किरण कुमारी साह चुनाव लड्ने तयारीमा लागेकी छन्। जनता समाजवादी पार्टी (जसपा) नेपालबाट सप्तरीको क्षेत्र नं.२ को "ख"बाट प्रदेश सभा सदस्य (प्रत्यक्ष) का लागि सिफारिसमा परेपछी उनी चुनावी तयारीमा जुटेकी छन्।

सिफारिसमा वर्तमान प्रदेश सभा सदस्य मनिष कुमार सुमन पनि परेका छन्। यद्यपि यस पल्ट भने आफूले अवसर पाउनु पर्ने भन्दै उनले कोठे बैठक र जनसम्पर्क अभियान तीब्र बनाएकी छन्। मनिष सुमन र साह संगै यस क्षेत्रबाट जसपाको सिफारिस सूचिमा दिनेश यादव, लक्ष्मण यादव, मो.युसुफ अली र मों समिम अख्तर पनि परेका छन्। सबैले टिकट आफूले पाउनु पर्ने भन्दै पार्टीको माथिल्लो निकायमा दौडधुप बढाएका छन्।

२०७४ सालको निर्वाचनमा यस क्षेत्रबाट जसपा कै मनिष कुमार सुमनले



जितेका थिए। यस पटक महिलाले अवसर पाउनु पर्ने साहको जोड छ। अधिवक्ता रहेकी उनी घर व्यवहारको जिम्मेवारी संगै विगतको मधेश आन्दोलन देखि सामाजिक र न्यायिक क्षेत्रमा निकै सकृय रहदै आएकी छन्। सामाजिक र कानूनको आँखाबाट जनताको दुःख नजिकबाट देखि सकेपछी जनप्रतिनिधी कै हैसियतले काम गर्नु पर्ने महशुस गरी अघि बढेको उनले बताएकी छन्।

सामाजिक, राजनीतिक गतिविधी संगै कानूनी क्षेत्रमा गरिब, असहाय, अशक्त, एकल महिला लगायतलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराएर विशेष चर्चामा आएकी उनी समानुपातीक, समावेशी नारामा मात्र होइन ब्यवहारमा लागु गरेर देखाउन पनि सिफारिसमा परेको आफ्नो नाम प्रदेश र केन्द्रिय कमिटीबाट अनुमोदित हुनु पर्ने जिकिर गरेकी छन्।

मधेश आन्दोलन उत्कर्षमा रहेका बेला महिलाहरुलाई संगठित गरी सडकमा उतार्दा पार्टीले उच्च मुल्याँकन गर्दै तत्कालिन बृहत मधेशी मोर्चाको संयोजक र महिला फोरम सप्तरीको अध्यक्ष पदको जिम्मेवारी दिएको वताइन्। उनले भनिन-'पार्टीले सिफारिस अनुमोदन गरे जनताले पनि मोहर लगाएर अनुमोदित गरी दिनेमा विश्वस्त छु।' उनले महिलालाई पुरुष सरह समान अधिकार दिन समानुपातिकमा मात्र होइन प्रत्यक्षमा पनि सम्मानजनक स्थान दिनु पर्ने माग समेत गरेकी छिन्। यस अघि मधेश प्रदेशका मुख्यन्यायधिवक्ता दिपेन्द्र झा पनि जसपाबाटै महोत्तरीको ३ नम्बर क्षेत्रबाट प्रतिनिधी सभा सदस्य उम्मेदवारका लागी प्रत्यक्ष तर्फ सिफारिसमा परिसकेका छन्।

# शैक्षिक मेला शुरु



**टुडे समाचारदाता**

इटहरी । इटहरीमा ई-क्यान पूर्वाञ्चलले शैक्षिक मेला शुरु भएको छ। बुधबार प्रदेश १ का सामाजिक विकास मन्त्री राजन राईले मेलाको उद्घाटन गरेका छन्। इटहरी, धरान र विराटनगरका आयोजना हुने शैक्षिक मेलाको बुधबार उद्घाटन गरिएको छ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री राईले मुलुकको सामाजिक परिवर्तनमा शिक्षा क्षेत्रको योगदान महत्वपूर्ण रहेको बताए। 'संसार परिवर्तनको निम्ति शिक्षा क्षेत्रको योगदान महत्वपूर्ण छ,' उनले भने, 'पछिल्लो समय शिक्षा क्षेत्रको विकासका निम्ति नेपाल सरकारसँगै निजी क्षेत्रले पनि महत्वपूर्ण योगदान पुऱ्याएको छ।' उनले आम मानिसले राज्यबाट शिक्षा क्षेत्रमा लगानी नभएको गुनासो आएपनि राज्यले शिक्षा क्षेत्रको गुणस्तरका निम्ति लगानी गरिरहेको तर्क गरे।

'शिक्षामा सरकारको लगानी हुनुपर्छ भन्ने धेरैजसोले भन्दै आउनुभएको छ, शिक्षाको गुणस्तर वृद्धिका निम्ति सरकारले लगानी गर्दै आएको छ।' उनले भने। ई-क्यान पूर्वाञ्चलले विद्यार्थीप्रति लक्षित गरी आयोजना गरेको शैक्षिक मेलाले विद्यार्थीको शैक्षिक गुणस्तरमा टेवा पुग्ने उनले बताए।

कार्यक्रममा ई-क्यान केन्द्रका निवर्तमान अध्यक्ष विष्णुहरि पाण्डेले विद्यार्थीले एउटा मात्रै कन्सल्टेन्सीको कुरा पत्याएर तुरुन्तै भर पर्न नहुने बताए। उनले फरकफरक कन्सल्टेन्सीमा र विश्वसनीय माध्यमबाट मात्रै शिक्षा लिनुपर्ने बताए। कार्यक्रममा ई-क्यान पूर्वाञ्चलका सल्लाहकार कमल प्रसाद तिम्सिनाले गुणस्तरीय शिक्षा प्रदान गरिनुपर्छ भन्ने उदेश्यले उक्त मेलाको आयोजना गरिएको जनाए।

ई-क्यान पूर्वाञ्चलका अध्यक्ष प्रकाश लकान्द्रीका अनुसार युवा विद्यार्थी वर्गलाई लक्षित गरी शैक्षिक मेला आयोजना गरिएको हो। उनका अनुसार ई-क्यानले तेह्रौपटक मेलाको आयोजना गरेको हो। बुधबार इटहरीको दुर्गा पार्टी प्यालेसमा गरिएको कार्यक्रम २३ गते बिहीबार धरानको सिद्धि नेवा परिषद्को भवन र २४ गते शुक्रबार विराटनगरको नमस्कार होटलमा आयोजना गरिने बताइएको छ।

# धानखेतमा दुई किशोरीको शव फेला

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको नगराइन नगरपालिका-७ स्थित धान खेतमा दुई किशोरीको शव फेला परेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाको अनुसार नगराइन -७ का स्थानीय १८ वर्षीया पूजा महरा र भारतको मधुवनी जिल्ला हरलाखी घर भई नगराइन-७ मा बस्दै आएकी १९ वर्षीया आरतीकुमारी महराको शव फेला परेको हो।

स्थानीयवासी खेतमा जाँदै गर्दा ती किशोरीलाई मृतावस्थामा देखेपछि उनीहरुले प्रहरीलाई खबर गरेका थिए।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले प्रहरी टोलीले किशोरीद्वयको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरधाम ल्याएको जानकारी दिए।

# एक बर्ष रिचार्ज गर्दा दुई बर्ष महिना टिभी हेर्ने अफर

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालीहरुको महान चाड दशै, तिहार र छठ पर्वको अवसरमा डिशहोमले आफ्ना ग्राहकहरुको लागि एक बर्षको रिचार्ज गर्दा दुई बर्ष सम्म टिभी हेर्नसकिने योजना संचालन गरिरहेको छ।




डिशहोमको सेवा लिईरहेका डिटिएचका ग्राहकहरुलाई लक्षित गरि सार्वजनिक गरिएको यो योजनामा डिशहोमको डिलरदाईबाट फण्डट्रान्स्फर मार्फत एकवर्ष अर्थात १२ महिनाको रिचार्ज गर्ने ग्राहकले २४ महिना सम्म टेलिभिजन हेर्ने सेवा पाउनेछन्। यस संगै एक वर्षको रिचार्ज गर्ने ग्राहकहरु मध्येबाट प्रत्येक हप्ता लक्की ड्र मार्फत एकजना ग्राहकले एक लाख पनि जित्न सक्ने छन्।

हरेक हप्ता सोमबार साँझ ५ बजे डिशहोमका एक्सक्लुसिभ च्यानलहरु रमाईलो एचडि, सरोकार टिभी, रियालिटि टिभी, नेपा च्यानल लगाएत डिशहोम सोकेस मा लक्की ड्र को प्रत्यक्ष प्रसारण हुनेछ। एक दशकदेखी स्याटालाईट प्रविधिमा उत्कृष्ट दृश्य सहितको टेलिभिजन सेवा प्रदान गरिरहेको डिशहोम नेपालको नं. १ टेलिभिजन सेवा प्रदायक हो साथै डिटिएच प्रविधि मार्फत टेलिभिजन सेवा दिईरहेको डिशहोमले फाईवरमार्फत डिशहोम फाईवरनेट ब्राण्ड नेममा नेपालभर ईन्टरनेट सेवा पनि प्रदान गरिरहेको छ।

# राउण्ड टेवल नेपालको अध्यक्षमा अग्रवाल निर्वाचित



**टुडे समाचारदाता**

काठमाण्डु । राउण्ड टेवल नेपालको २०७९ भदौ १८ गते सम्पन्न २२ औं साधारणसभाबाट नयाँ कार्यसमिति चयन भएको छ। राहुल अग्रवालको नेतृत्वमा नयाँ कार्य समिति चयन भएको हो।

चितवनको नारायणघाटस्थित सिराइचुली होटलमा भएको साधारणसभाबाट उपाध्यक्ष नितेजकुमार अग्रवाल, महासचिवमा दिवस सुवेदी, कोषाध्यक्षमा साकेत मुरारका र राष्ट्रिय सम्पादकमा निखिल बंशल चयन भएका छन्।

निवर्तमान अध्यक्ष तथा अन्तर्राष्ट्रिय जनसम्पर्क अधिकृत आनन्द बाहेतीले आफ्नो कार्यकालमा गरेका कामको बारेमा अवगत गराएका थिए। सो कार्यक्रममा जर्मनी, फ्रान्स, भारत, बंगलादेशलगायतका मुलुकबाट अतिथिहरु आएका थिए। साधारणसभामा देशभरबाट ४ सयभन्दा बढी सदस्यहरुको सहभागिता रहेको थियो।

# एलिका को दशैं तिहार अफर

**टुडे समाचारदाता**

काठमाण्डुई.ओ.एल. प्रा. लि., नेपालमा एलिका उत्पादनहरूका लागि एक मात्र आधिकारिक वितरक, सि. जी. इलेक्ट्रोनिक्स अन्तर्गतको संस्थाले यस पालीको दशैं, तिहार र छठलाई लक्षित गरी ग्राहक योजना ल्याएको छ।




एलिका ब्रान्ड घरेलु उपकरण र भान्साको विश्वको अग्रणी निर्माता हो। नेपालमा भान्सा उपकरणहरूका बजारमा ग्राहकवर्गले असाध्यै रुचाएको एलिका ब्रान्डले नेपालको सबैभन्दा ठूलो उत्सव दशैं र तिहारलाई लक्षित गर्दै "दशैं तिहार मनाऔं, खुशीमा रमाऔं" भन्ने नारासहित जारी गरेको यस अफर अन्तर्गत एलिकाको कुनै पनि सामानको (चिम्नी, कुक टप , हब, कुकिङ्ग रेञ्ज, बिल्ट-इन ओभन, बिल्ट-इन मिक्रो वेभ ओभन) खरिदमा सी. जी. ब्रान्ड को इलेक्ट्रिक केट्टल उपहार स्वरूप प्रदान गरिएको छ।

यो ग्राहक योजना भाद्र १३, २०७९ देखि नेपालभरि सीमित अवधिको लागि लागू गरिएको छ। एलिकाले आफ्ना मूल्यवान ग्राहकहरूलाई चाडपर्वको अवसरमा अफर दिएको यो पहिलो पटक हो।

एलिका १९७० मा स्थापित एक इटालियन कम्पनी हो जसले किचन हुड, इन्डक्शन हब, र बोइलर डिजाइन र निर्माण गर्दछ। आज कम्पनीको विश्वभर इटाली, पोल्याण्ड, मेक्सिको, भारत र चीनमा सातवटा प्लान्टहरू छन्। ३,८०० कर्मचारीहरूले हरेक वर्ष २०.७ मिलियन हुडदेखि मोटरसम्म उत्पादन गर्दछन्। एलिकाको को खाना पकाउने व्यवसाय इकाईले घरेलु प्रयोगको लागि किचन हुडहरू डिजाइन, निर्माण र बिक्री गर्दछ। एसियाली बजारका लागि कम्पनीले हब, ओभन र स्टेरिलाइजर पनि उत्पादन गर्दछ।

# निर्वाचनको तयारीमा जसपा, प्रचार संयोजक तोकिए

**टुडे समााचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी, नेपालको केन्द्रीय सूचना, सञ्चार, प्रकाशन तथा प्रचार विभागले आसन्न निर्वाचनको प्रचारप्रसारको लागि जिम्मेवारी बाँडफाँट गरेको छ। वुधवार बसेको विभागको बैठकले ७ वटै प्रदेश समिति र मधेशका ८ वटा जिल्लालाई समेत केन्द्रीय विभागले हेर्ने गरी प्रचार संयोजक तोकेको हो।

जस अनुसार प्रदेश नम्बर १ र धनुषा जिल्लाको प्रचार संयोजनको जिम्मेवारी योगराज



वनेमलाई, मधेश प्रदेशको संयोजनको जिम्मेवारी अमरनाथ मण्डललाई, बागमती प्रदेश र बारा जिल्लाको संयोजक लक्ष्मण हुमागाई, गण्डकी प्रदेश र सिराहा जिल्ला संयोजक कर्णबहादुर बुढा मगर, लुम्बिनी प्रदेश र महोत्तरी जिल्ला संयोजक मनिकर कार्की, कर्णाली प्रदेश र पर्सा जिल्ला संयोजक पासाङ शेर्पा र महेश चौरसियालाई सुदुरपश्चिम प्रदेश र सप्तरी जिल्लाको प्रचार संयोजनको जिम्मेवारी दिएको छ।

त्यसैगरी सर्लाही जिल्लाको संयोजनका लागि सीमा सिंह र रेवन्त झालाई रौतहट जिल्लाको जिम्मेवारी तोकिएको छ।

# आत्मनिर्भर बन्दै थारू महिला

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको जीराभवानीकी अन्तिमा चौधरीलाई आजभोलि एकक्षण पनि फुर्सद छैन। उनी बिहानै उठेर जङ्गल जान्छिन् र काँस लिएर आउछिन्। त्यसलाई सुकाएर विभिन्न रङ्गीन नुइला, डलिया, सुप्पा, टोपीलगायतका सामग्री बनाउछिन्। उनले बनाएका ती सामग्री चाडवाड, बिहेवारी, सगुन सबै कार्यमा प्रयोगमा आउँछन्।

खासगरी थारू समुदायमा छोरीको विवाह वा गाउँलेको घरमा हुने बिहेवारी, पूजापाठ तथा आफन्तको विवाह पूजापाठमा यी बुनिएका तथा बनाइएका विभिन्न सामग्री सगुनका रूपमा दिने प्रचलन छ। उनी भन्छन्-'यसले थारू समुदायको मौलिक पहिचान तथा संस्कृति झल्काउन मद्दत गर्दछ।' फुर्सदको समयमा आफ्नो परम्परागत सीपको उपयोग गर्दै घरायसी प्रायोजन र सजावटका विभिन्न सामग्री बुन्ने कामले आयआर्जनसमेत हुन थालेपछि उहाँ एकक्षण पनि समय खेर फाल्न चाहनुहुन्न। यी सामग्री बनाउन समय मात्र होइन, इच्छाशक्ति र अभ्यास पनि चाहिने उनको भनाइ छ।

निरन्तरको अभ्यासपछि थारू समुदायका महिलाहरू यस्ता सामग्री बनाएर घरको सजावटको साथै बिक्री गरेर जीविकोपार्जनतर्फ सक्रियरूपमा लागेका छन्। विभिन्न सामग्री बनाउन अझ निखारता ल्याउन सके बजारमा सजिलै बिक्री हुने स्थानीय रागिनी चौधरीको पनि भनाइ छ। काँसबाट ढकिया, नुइँया, डेलुवा तथा बाँस, जुटलगायतको प्रयोग गरेर पनि त्यस्ता सामग्री बनाउने गरिएको उनी बताउँछन्।

थारू महिलाले बनाएका यस्ता सामग्रीलाई बजारको समस्या छैन। स्थानीय रन्जु चौधरी भन्छिन्-'आफूले कस्तो खालको आकर्षक ढाँचामा बनाउन सक्छौं। आफ्नो हातको कलामा भर पर्छ। नयाँ ढाँचामात्रै दिन सके त किन्ने



मानिस घरमै आएर लैजान्छन्।' उनका अनुसार छोरीको विवाहका लागि घर सजावट गर्न तथा र गाउँघर आसपासका होमस्टे, होटलको सजावटको लागि यी सामग्रीको खोजी हुने गर्दछ। सीप, कला संस्कृतिलाई व्यवसायीकरण गर्दै आर्थिक आयआर्जनसँग पनि जोडेर काम गरेको अनुभव सुनाउँदै पर्सा सेढवाकी सुनकली थारू भन्छिन्-'गाउँमा धेरै जनाले यस किसिमका सामान बनाउन नजानेकाले राम्रो आकर्षक फूलबुट्टा दिन सके महँगोमा बिक्री हुने गरेको छ।' थारू समुदायका महिलाहरू परम्परागतरूपमा ढकियालगायतका सामान बुन्दै आए पनि अहिले प्रचलनमा विभिन्न सजावटका सामग्री बनाउने सीप कमैमा रहेको पाइन्छ। राम्रो र आकर्षक डिजाइन दिनसके एउटै सामग्रीको पाँच हजारदेखि १० हजारसम्ममा पनि बिक्री हुने गरेको उनी बताउँछन्।

थारू समुदायमा रहेका यस्ता मौलिक कला संस्कृतिहरू लोप हुने सङ्घारमा पुगेको अवस्थामा यहाँका अधिकांश महिलाको सक्रियतामा विभिन्न हस्तकलाका सामग्री निर्माण गर्ने कार्यले भाषा, संस्कृति र पहिचान जोगाउन मद्दत पुगेको छ। यसले आयआर्जनको विकल्प दिनुका साथै उनीहरूमा सशक्तीकरण पनि भएको सामाजिक अभियन्ता प्रकाश थारू बताउछन्। जानेका महिलाले नजानेका आफ्ना सन्तान, आफन्त तथा साथीलाई सिकाउने गरेकाले सीपको हस्तान्तरण पनि भएको उनको भनाइ छ।

जनकपुरटुडे

२०७९ साल भाद्र २३ गते बिहीबार (8 September, Thursday, 2022)



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# उम्मेदवार छनौटमा काखा पाखा

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको उम्मेदवार हरुको अहिले छनौट भई रहेको छ। सवै राजनीतिक दलहरुले आ-आफ्ना क्षेत्रमा उम्मेदवार छनौटलाई तीव्रता दिएको छ। प्रत्यक्ष र समानुपातिक दुवै उम्मेदवार चयन गर्ने क्रममा काखा पाखा गरिएको आरोप समेत लागेको छ। एउटै नेतालाई धेरै ठाउँवाट र स्थानीय नेताहरुलाई बाइपास गरेको आरोप समेत लाग्न थालेको छ। एउटै नेतालाई धेरै ठाउँवाट नाम सिफारिस गरिएकोलागि शिर्ष नेताको चापलुसी गरेको आरोप समेत लाग्न थालेको छ। खासगरी मधेश क्षेत्रमा आफ्ना शिर्ष नेताको चापलुसी गर्नकालागि उनीहरुको नाम विभिन्न क्षेत्रवाट सिफारिस गरिएको आरोप छ। तर, यसरी जता जतैवाट नाम सिफारिसको क्रमले स्थानीय नेताहरुनै असन्तुष्ट देखिएका छन्। कुनै कुनै निर्वाचन क्षेत्रमा एकल नाम सिफारिस गरिएपछि समेत स्थानीय नेता कार्यकर्तामा असन्तुष्टि देखिएको छ भने कतै आफ्नो नाम सिफारिस नगरिएको भन्दै नाराबाजी र पार्टी परित्याग समेत गरेको देखिएको छ। स्थानीय स्तरमा उम्मेदवार छनौट हुनुपर्ने तर त्यसमा केन्द्रीय नेताहरुको रुचीले समेत सिफारिसमा बाँधा अडचन आएको छ। अहिले मधेश प्रदेशका ८ जिल्लाका ३२ प्रतिनिधिसभा र ६४ प्रदेशसभाकोलागि उम्मेदवार छनौटको क्रम जारी छ। तर, सिफारिसको क्रममा देखिएको त्रुटिले स्थानीय नेता कार्यकर्ता असन्तुष्ट हुने भने देखिएको छ। अलिकता नाम चलका नेताहरुको नाम समानुपातिकमा राखि उनीहरुलाई खुशी पार्ने प्रयास गरिएपनि त्यसको असर दिर्घकालिन पर्न सक्ने देखिन्छ। एकत महँगो निर्वाचन प्रणाली त्यसमा पनि उम्मेदवार बन्ने चाँगले समेत निर्वाचन प्रतिको लगावले उनीहरुले आफ्नो नाम सिफारिस नगरेकै कारण असन्तुष्ट छन्। धनुषामा एक प्रभावशाली नेता पार्टी परित्याग गर्न लागेका छन्। उनी जस्ता दर्जनौ यस्ता नेता कार्यकर्ता छन् जसले आफ्नो नाम सिफारिस नगरेको वा आफूले कुनै पद नपाएको भन्दै पार्टी परित्याग गर्ने मनस्थिति बनाई सकेका छन्। त्यसैले अहिले भई रहेको नाम सिफारिसको क्रममा योग्य व्यक्तिको पहिचान गरी उम्मेदवार बनाउँदा कम खर्चमा समेत चुनाव निकाल्न सकिने देखिएको छ। योग्य व्यक्ति र समाजमा सकारात्मक छाप नरहेकाहरुलाई वा धनाढ्‌य व्यक्तिलाई उम्मेदवार बनाउँदा उनीहरु पैसाको बलमा निर्वाचन जित्ने सोचमा रहेकै कारण महँगो निर्वाचन हुने गरेका छन्। दक्ष, योग्य र सक्षम व्यक्तिलाई काखा पाखा नगरि उम्मेदवार बनाउदा उपयुक्त हुने देखिन्छ।

# नामको कुरूपतालाई सक्दो चाँडो सच्याउने काम गरौं



डा. रामसागर पंडित

केही दिन अघि कान्तिपुरले केही भद्दा नामको सूची प्रकाशन गरेको थियो। त्यसले पत्रपत्रिकामा निकै लम्बा चौडा ठाउँ लिएको थियो। यी नामहरूमा फ्याउरो वादी, सिंगाने कामी, कुत्ता वादी, कमिनी कुकुर्नी आदि यस्ता अनेकौं उदाहरण नेपालको तराई, पहाड तथा हिमालमा समेत हेर्न सकिन्छ। यस्ता नाम उच्चारणको पछाडि जातीय घृणा (हेय) लुकेको देखिन्छ। मेरो गाउँ बेलापट्टी (तत्कालिन गिद्धा गा.वि.स.का वडा नं. ९) को पूर्वीय गाउँ एकराहीमा त्यसबेला केही बंगाली भट्टाचार्यहरू बसेका थिए। उनीहरू बंगालको कलकत्ताबाट यहाँ बसाइ सडेका थिए। उनीहरु मध्ये सबैभन्दा धनी व्यक्तिको नाम रमेशचन्द्र भट्टाचार्य थियो। उहाँको जेठा छोराको अंग प्रत्यंग अपरेशन भएको कारण मुखको माथिलो ओठ काटिएको थियो। खुट्टाहरू टेढामेढा थिए। तर गाउँका मान्छे उनलाई बडो आदरले मालिकबाट नै सम्बोधन गर्ने गर्थे। ठीक त्यही एउटा खत्वेको छोरा त्यस्तै मुखको माथिल्लो ओट काटिकोमा उनलाई 'खोनमा' भनेर बुलाइन्थ्यो। यसरी धनी गरीबको बीचमा नामको निकै ठूलो भेद थियो। मेरो गाउँमा मात्र होइन तराईमा लगभग पूरै क्षेत्रमा यस्ता कुरूप नामले ठाउँ लिएको देखिन्छ।

यस लेखका लेखक म प्रारम्भिक शिक्षा गाउँकै जनता अपर प्राइमरी स्कूल गिद्धा बेलापट्टीबाट प्राप्त गरेको थिएँ। त्यसबेला गाउँमा पढेलिखेका मानिसहरूको निकै अभाव थियो। केही सम्पन्न व्यक्तिहरूले मात्र सामान्य शिक्षा पाएका थिए र बाँकी सबै निरक्षर थिए। शिक्षा बिनाको समाज कस्तो थियो होला, सोच्नुस् त ! २००७ सालको प्रजातान्त्रिक आन्दोलन पश्चात नेपालमा मूलरूपले तराई मधेसमा ठूलै संख्यामा विद्यालयहरू खुल्न थाले। यी विद्यालयहरूमा भारतीय शिक्षकहरू आएर शिक्षा बाँड्ने काम गर्न थाले। प्रजातन्त्र पश्चात नेपालमा भारतका शिक्षित व्यक्तिहरू मूलरूपले शिक्षक, प्राध्यापक, चिकित्सकको रूपमा भारी संख्यामा नेपाल पसेका थिए। यस्ता शिक्षकहरू गाउँमा बस्दा शिक्षामात्र होइन संस्कारी हुन पनि सिकाएका थिए।

मलाइ आफ्नै गाउँको एउटा कटु अनुभव छ कि जेठो भाइको नाम हग्गु, उसको माहिलो भाइको नाम पदु, उसको कान्छो भाइको नाम मुसरबा थियो। गाउँका मानिसहरू त्यही नामले बोलाउँथे। उनीहरू पनि अपमानलाई आदत बनाइ सकेका थिए। गाउँमा २००८ सालमा एउटा विद्यालय खुल्यो। भारतबाट शिक्षकहरू झिकाइए। ती हग्गुहरू पनि विद्यालयमा भर्ना भए। शिक्षकले उनीहरूको नाम सोध्दा ती व्यक्तिहरूले पुनः त्यही नाम हग्गु, पदु तथा मुसरबा दोहऱ्याए। शिक्षकलाई बडो नराम्रो लाग्यो। उनीहरूले अन्तमा के परिणाम निकाले भने निरक्षरताले यस्ता नामाकरण भएको हो।

यसका नाम बदलिनु पर्छ। उनी तीनै जनाको नाम रामप्रसाद, गंगाप्रसाद तथा यमुनाप्रसाद नामले पुनः नामाकरण गरिए। आजसम्म तिनीहरूको त्यही नामले सबैजना बोलाउन थाले। खस्केको सम्मान पुनः प्राप्त भयो। यस्तै एउटा अर्को उदाहरण यहाँ उल्लेख गर्न चाहन्छु। एउटा परिवारका दुई जना छोराको नाम छुतहरबा तथा मुसहरबा थियो। यस्ता नाम ठीक भएन र सोको सट्टा भुनेश्वर तथा मुनेश्वर नामाकरण गरिए। यस्ता सैकडौं उदाहरण छन्। मेरै छिमेकी गाउँहरूमा शारीरिक अपाङ्गताको नामले नामाकरण भएका सैकडौं उदाहरण रहेका छन्। एक जनाको नाइटो (ढोढी) केही सुनिएको थियो। वहाँको नाम स्थायी रूपले ढोरबा रहन गयो। यसैमा अलि सम्पन्न परिवारको मान्छेमा यस्तो छ भने त्यसलाई ढोढाइ नामबाट बोलाउँथे।

यसरी समाजमा नाममा पनि सम्पन्नता र विपन्नतामा फरक देखिन्थ्यो। अर्कोतिर अपाङ्गता कै नामबाट कन्हा, बहिरा, लङ्डो, लुलबा, कन्कटा, अनरा, कुइरा, कपाल सेतो भएकोलाई भुला, नाक चेप्टोलाई नकडुवा/नकुवा, उँचाइ केही छोटो भएकालाई बन्ठा, केही बढी उँचाइ भएकोलाई घोरटंगा/ठडका, कपाल लामो भएकालाई झोटैला, कपाल उडेकालाई मुर्रा, कुनै कारणले ओठ काटिएकोलाई खोनमा, गालामा काटिएकोलाई गलकट्टा आदि नामले बोलाउने चलनमा रहेका छन्। यस्ता नाम सम्पन्न तथा विपन्नको भिन्नतालाई समेत प्रकट गरेका छन्। जो सम्पन्न छन् त्यसलाई यस्ता अपाङ्गता भए पनि नाम सच्याएर बोलाउने गरिन्छ। खास गरी पिछडा वर्ग, जनजाति, दलित जस्ताका संतानलाई यस्ता नामबाट सम्बोधन गरी अपमानित गर्ने गरिन्छ। अर्को शब्दमा यस्ता समूहलाई पिछडा वर्ग भनिन्छ। यसवर्गमा शिक्षाको अवस्था निकै कमजोर रहेको देखिन्छ। जहाँ जहाँ शिक्षाको प्रवेश भएका छन् त्यहाँ त्यहाँ स्वतः यस्ता कुरूप शब्दहरू बिलाउँदै गएका छन्।

२००७ सालको जनआन्दोलन पश्चात शिक्षामा आएको विकसित प्रवृतिले गर्दा यस्ता दुर्नामहरू कम हुँदै आएका छन् भने जो समूह स्कूल प्रवेशबाट वंचित रहे उनीहरूमा यस्ता दुर्नाम बढी देखिन्छ। त्यस बेला नेपालमा शिक्षित व्यक्ति प्रायः शून्य थिए। यस अबधिमा भारतबाट निकै बढी संख्यामा शिक्षक, हकीम, पुजारी, बाहुन, दसौनी, देवान, साधु/सन्त लगायत अन्य पढे लिखेका समूह नेपाल छिरेका थिए। उनीहरू गाउँ-गाउँमा चेतना फैलाउन सहयोग गरेका थिए। गाउँ गाउँमा स्कूल जाने बच्चाहरूको लाम देखियो। यस्ता समूहमा दुर्नाम रहेका बालबालिकाको नाम समेत परिवर्तन गर्ने काम गरेका थिए। जो समूह स्कूलभन्दा बाहिर रहे त्यस समूहमा यस्ता खराब नाम (दुर्नाम) भएका संख्या बढी रहेको देखिन्छ। विस्तारै मान्छे शिक्षित हुँदै आएका छन्। मान्छेमा चेतनाको विकास बढ्दै आएको छ। यस्ता परिवारमा आफ्ना सन्तानको नामाकरण गर्दा सुधारिएका नामहरूमध्येबाट राख्ने गरिन्छ। अहिले पनि दलित, पिछडावर्ग तथा जनजातिमा यस्ता दुर्नाम बढी हुनुका पछाडि शिक्षाबाट टाढा रहेका मूल कारणलाई लिन सकिन्छ। शिक्षाले मान्छेलाई एउटा सचेत नागरिक बनाउँछ।

अस्ति भेटिएका नामहरू प्याउरो वादी, सिंगाने कामी, कुत्ता वादी, कुकुर्नी कमिनीमा नाम र थर मात्र छन् तर तिनमा नाम र जातसँगै घोर अपमान समेत भएको छ। यो एउटा हेपाहा प्रवृति हो। पहिले पहिले तल्लो स्तरका अछुत तथा जनजाति, पिछडा वर्गमा उनीहरू (गाउँका जाने सुनेकाहरू) बाट नै नाम राख्ने काम गराउँथिए। उनीहरू पनि यस्तै बेला यिनीहरूलाई नाम बिगार्ने मौका ठानी कतिको थर समेत मेटाइ जातिको नामबाट नामाकरण गरेको देखिन्छ। पछि थर थपिए पनि राम्रोसँग उल्लेख गरि दिएनन्। यस्ता सामाजिक विकृति फैलाउनेमा यस्तै समूह बढी सक्रिय देखिन्छ। नाम दुर्नाम भएको कारणले नै धेरै जसो ठाउँमा प्रतिष्ठाको सट्टा अपमान सहन बाध्यता हुन्थे। अपमान सहेर पनि सेवा गर्न पछि परेको देखिदैन्थे।

भारतीय समूह जो २००७ साल पछि नेपालमा भित्रिए, उनीहरूका सम्पर्कमा आएका यस्ता नामहरूलाई सच्चाउने काम गरेको देखिन्छ। जो यस्ता व्यक्तिको सम्पर्कमा आएन उनीहरूका नाम जस्ताको तस्तै रहन गएको देखिन्छ। त्यस दिनमा नेपालमा शिक्षाको क्षेत्रमा निकै पछाडि थियो। नेपालमा शिक्षाको विकासमा भारतीय गुरुहरूको मूख्य भूमिका रहेको देखिन्छ। तराईमामात्र होइन, पहाड समेतमा प्रवेश गरेर शिक्षाको दियो बाल्न पछि हटेन। निम्न शिक्षा मात्रै होइन उच्च शिक्षामा समेत उतिकै उपस्थिति देखिन्छ। ती भारतीय शिक्षकहरू मध्ये धेरैले नेपालमा बस्न मानेनन्। त्यसमध्ये केही यही बसेर नेपालको नागरिकता समेत बनाइ स्थायी वासिन्दा भए। तिनीहरूका बाल-बच्चा समेत यहीं स्थायी रूपमा बस्न थाले। शिक्षा योजना-२०२८ लागू भएपछि तिनीहरूलाई पनि स्थान सुरक्षित राख्ने काम गरियो। पछि नेपाली शिक्षकसँगै अवकास प्राप्त हुँदा नेपाली र भारतीय शिक्षकहरूलाई समान रूपले उपादान तथा निवृतिभरणको व्यवस्था गरियो। उनीहरू आफ्नै देशमा बसेपनि महिना/दुई महिनामा एक चोटी आइ निवृतिभरणको रकम उठाइ लग्ने काम गरेका छन्। यस्तै उच्च शिक्षामा पनि जागिरलाई सुरक्षित गरी निवृतभरण प्रदान गरिएको छ।

यस्ता गलत नामले मान्छेलाई मनौवैज्ञानिक रूपमा कति प्रभाव पारि रहेछ ती उनीहरूले नै भोगी रहेका छन्। हामीहरू पनि त्यस्ता नामबाट हुने प्रभावलाई अनुभव गरिरहेका छौं। कतिका लागि यस्ता नाम मजाक हुन सक्छ। हाँसोको स्रोत बन्न सक्छ तर एउटा मान्छेले अर्को मान्छेलाई कहिले पनि गलत नामलाई लिएर जिस्कियाउने काम गर्नु हुँदैन। कतिपय यस्ता नामकै कारण गाउँ समेत छोडेर अन्य ठाउँमा बस्न गएका छन्।

पहिले पहिले नेपालमा प्रत्येक जातिको नाम पछाडि थर होइन जातिनै जोडेर लेखिन्थ्यो। अहिले थरको विकास भएपछि नामको पछाडि थर लेख्ने चलन छ। यस्ता थर राख्ने आ-आफ्नै इच्छाले राख्ने गरिन्छ। यसबाट जातको नाम समेत गुमजात हुन गएको छ। जात जाति लेख्न कुनै आवश्यकता देखिँदैन। पिछडावर्गले पनि आफ्ना थरलाई बदलेर जथाभावी थरहरू लेख्न थालेका छन्। यस्ता थरहरू जातिसँग जोडेर निकालिन्छ। जात तथा थर मिल्नु पर्छ। त्यसैले थर बचाएर छोराछोरीलाई ढुक गर्न सकिन्छ। अहिले बाहुनको थर अछूतसम्म गइसकेको देखिन्छ। क्षेत्रीको थर जनजाति आदिवासीसम्म पुगी सकेका छन्। शहरीया केटीहरूमा विहाबारी हुँदा जात/धर्म बिल्कुलै पत्ता लाग्दैन या पतालगाउन चाहँदैन। यसबाट जातको चिनारीमा द्विविधा थपेको देखिन्छ। यसलाई नियन्त्रण गर्दै गयो भने जातलाई जोगाउन सकिन्छ। हाम्रो देशमा जातीय, धार्मिक, सांस्कृतिक, मातृभाषाको हिसावले हाम्रो बीचमा समस्यै समस्या देखिन्छ। देशमा समानुपातिक हिसावले केहीलाई सांसद पद दिइनुपर्दछ।

खास गरी हामी बिकृत नाम बारे छलफलमा व्यवस्त छौं। यसले मान्छेको तीन पुस्ते सम्म प्रभाव पारि राखेका हुन्छन्। तीन पुस्ते लेख्दा बाजे, बुवा, छोराका नाम र थर उपलब्ध भएको हुन्छ। सरकारले यस्ता नाम पत्ता लगाई विकृत नामलाई तुरून्त सच्चाउनु पर्ने देखिन्छ। विगतमा पेपर पत्रिकामा निस्किएका यस्ता कुरूप नामलाई तुरून्त सच्चाउन लगाइ एउटा संस्कारयुक्त नाम निर्माण गरी उपलब्ध गराई दिएको खण्डमा सदाका लागि उनीहरूपनि सच्चा इमान्दार नागरिकको रूपमा आफ्ना जीवन विताउन पाउने थिए। गाउँ घर यस्ता नामबाट बोलाउँदा सानातिना विद्यार्थी तथा अन्य बच्चालाई यसको प्रभाव पर्न जान्छ। नाम हेर्ने हो भने हाम्रो बेद पुराण, रामायण, महाभारत आदि ग्रन्थहरूमा एक से एक नाम रहेका छन्। त्यसबाट आ-आफ्ना छोरा छोरीको नाम लेख्दा भैहाल्छ नि त ! अहिलेसम्म यस्ताबाट त्रस खाइ रहेका मान्छेलाई सहयोग गर्नु हाम्रो धर्म पनि हो। यस्ता विकृत/कुरूप नामबाट त्यस ठाउँको शैक्षिक तथा चेतनाको स्तर कति माथि उठेको छ सहजै अनुमान गर्न सकिन्छ। अहिलेको लोकतान्त्रिक व्यवस्थामा सबैले सबैलाई सहयोगको भावनाले अंगीकार गर्दै जानु पर्छ।

स्कूलका शिक्षकहरू राजनीतिक कार्यकर्ताहरू, गाउँका जातीय अगुवाहरूका साथै अन्य समूहका मानिसहरू समेत यस्ता कुरूप नामलाई हटाउन लगाइ नयाँ नागरिकता बनाउन प्रक्रियागत रूपमा अगाडि बढाइ दिनुपर्छ। यदि हामी यस्ता सुधारबाट भाग्न खोज्छौ भने भोलीका सन्ततिहरू समेत तथानाम गाली गर्न पछि हट्दैन।

हुनत निकट भविष्यमा यस्ता कुरूप नामबाट छुटकारा पाउने कुरामा यस लेखका लेखक ढुक्क छ। अब शिक्षाको स्तर दिन प्रतिदिन उठ्दै गएको हुनाले यस्ता कुरूप नामहरू स्वतः विलाउँदै गएको देखिन्छ। तर नेपालमा अहिले पनि जनसंख्याको एउटा ठूलो हिस्सा शिक्षा भन्दा टाढा रहेको देखिन्छ। ती समाजहरूमा यस्ता कुरूप नाम बढी संख्यामा देखिन्छ। सरकारी निकाय, राष्ट्रिय अन्तर ष्ट्रिय गैर सरकारी संस्था, युवा समूह, राजनीतिक कार्यकर्ता, शिक्षक, विद्यार्थी लगायत विभिन्न तप्काका मानिसहरू यस्ता कुरूप नाम परिवर्तन गर्न तन मनले लाग्यौं भने निकट भविष्यमा नै सफलता हासिल गर्न सक्नेछौं। इतिश्री।

*लेखक एउटा सामाजिक एवं सांस्कृतिक अभियन्ता हुनुहुन्छ।*

# मानव अधिकारको अवस्था र महिला हिंसाको दुष्चक्र

**जेके लाल**

मानव अधिकार भनेको के हो ? मानिसको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित नेपालका राष्ट्रिय कानून र नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनहरूले प्रदान गरेका अधिकारहरूलाई मानव अधिकार भनिन्छ। "मानव अधिकार" भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार सम्झनुपर्छ र सो शब्दले नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकारसमेतलाई जनाउँछ। - राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ दफा २ (च)। ( रा.मा.अ.बाट साभार)

देहायको अवस्थाको मानव अधिकारको उल्लङ्घन/हनन् वा त्यसको दुरुत्साहनका विषयलाई अत्यन्त जरुरी विषय मानिने व्यवस्था छ :

(क) कसैको हत्या वा मुत्यु भएको वा हत्या वा मृत्यु हुने सम्भावना रहेको, (ख) गम्भीर यातना दिएको, (ग) मानिस विक्षिप्त भएको, (घ) कुनै समूह वा सम्प्रदाय नै पीडित भएको, (ङ) बेपत्ता पारिएको वा पार्ने सम्भावना भएको, (च) महिलामाथि हुने यौन दुर्व्यवहार, (छ) बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित उजुरी र (ज) तत्काल त्यस्तो कार्य नरोकेमा मानव अधिकारको गम्भीर उल्लङ्घन वा मानवीय क्षति हुन सक्ने सम्भावना भएको।

मानव अधिकार हरेक नागरिकको आधारभूत अधिकार हो।मानव अधिकारको कुनै सीमा र दायरा हुँदैन। यो सबैको सरोकारको सवाल हो। मानव अधिकारको सम्मान, संरक्षण एवम् परिपालना नभएको अवस्थामा लोकतन्त्र र सभ्य समाजको परिकल्पना गर्न कठिन हुन्छ। मानव अधिकारको संस्कृतिको विकास नभएसम्म मानव अधिकारको प्रत्याभूति सम्भव छैन। मानव अधिकार संस्कृतिको विकासका लागि राज्यका निकायहरू जिम्मेवार हुनुपर्छ साथै स्वयम् नागरिकहरू पनि जिम्मेवार हुनुपर्दछ। राज्यका निकायदेखि व्यक्ति, वर्ग, समुदाय, तह,तप्कामा मानव अधिकार संस्कृतिको विकास गर्न सकिएको खण्डमा सभ्य समाज निर्माण गर्न सकिनेछ। मानव जीवनको शुरुवात देखि कुनै न कुनै रुपमा मानव अधिकारको उल्लघन हुदै आएको हो। यसै परिप्रेक्ष्यमा मानव अधिकारको संरक्षण र सम्वर्धन गर्न संयुक्त राष्ट्र संघले १९९१ मा फ्रान्सको राजधानी पेरिसमा भएको सम्मेलनबाट आफना सदस्य राष्ट्रहरुलाई राष्ट्रिय मानव अधिकार स्थापना गर्न प्रस्ताव राखेको थियो र १९९३ मा पारित गरेको थियो सोही राष्ट्रिय मानव अधिकार स्थापना गर्ने सम्वन्धि सिद्धान्तनै पेरिस सिद्धान्त हो। नेपाल पनि संयुक्त राष्ट्रको सदस्य राष्ट्र भएकोले पेरिस सिद्धान्त बमोजिम राष्ट्रिय मानव अधिकार अयोग गठन भएको हो। स्थापनाकालमा मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम कानूनी निकायको रूपमा स्थापना भएको आयोगलाई नेपालको अन्तरिम संविधान, २०६३ ले संवैधानिक निकायमा परिणत गरेको थियो। जसलाई हाल कार्यान्वयनमा रहेको नेपालको संविधान २०७२ ले पनि निरन्तरता दिएको छ।

**मधेश प्रदेश**

यस प्रदेशको क्षेत्रफल ९६६१ वर्ग कि.मि, जम्मा जनसंख्या ६१,२६,२८८, साक्षरता प्रतिशत ४९.७२ प्रतिशत, जिल्ला आठ, प्रतिनिधिसभा निर्वाचन क्षेत्र ३२, प्रदेशसभा निर्वाचन क्षेत्र ६४, महानगरपालिका १, उपमहानगरपालिका ३,नगरपालिका ७३, गाउँपालिका ५९ र कुल वडा संख्या १२७१ रहेको छ। सन २०२१ मा यो प्रदेशमा मानव अधिकार उल्लंघन र ज्यादतिका घटनामा राज्य पक्ष र अन्य पक्षबाट ७५८ जना पिडित भएको छ।

त्यस मध्ये अपहरणमा २४ जना, गिरफतार ३ जना, कुटपिट ९८ जना, बाल अधिकार २२३ जना, हिरासतमा मृत्यू १ जना,अमानवीय व्यवहार ११ जना, घाईते २२ जना, हत्या ७३ जना, जातिय विभेद ६ जना,अभिव्यक्ति,भेला तथा संगठित हुने अधिकार ५८ जना, धम्की ५ जना, यातना १ जना, महिला अधिकार २२८ जना, कारागारमा मृत्यू ५ जना, कुलजम्मा ७५८ जना रहेका छन। गत वर्ष सन २०२१ मा इन्सेक कार्यालयमा अधिराज्यभरी अभिलेखित मानव अधिकार प्रतिशतका आधारमा उल्लंघन तथा ज्यादतिका घटनामध्ये प्रदेश १ मा १७ प्रतिशत, मधेश प्रदेशमा ११ प्रतिशत, वागमति प्रदेशमा १७ प्रतिशत, गण्डकी प्रदेशमा ८ प्रतिशत,लुम्विनी प्रदेशमा २९ प्रतिशत, कर्णाली प्रदेशमा ७ प्रतिशत र सुदुरपश्चिम प्रदेशमा १२ प्रतिशत रहेको देखाउँछ।

यो तथ्याङ्कलाई केलाउँदा महिलाहरु विरुद्ध हुने विभेद, हिंसा र बहिस्करणले मानव मर्यादा, समानता, र सिद्धान्तहरुको उल्लंघन गरको देखिन्छ। नीजी तथा सार्वजनिक जीवनमा महिलामाथि लक्षित त्यस्तो कृयाकलाप जस्तै महिलाहरु माथि हुने शारिरीक, यौनिक, मनोवैज्ञानिक, मानसिक रुपमा हानी गर्नु, वोक्सीको आरोपमा अन्य घृणित कार्य गर्नु, हाडनाताकरणी, कार्यस्थलमा यौन दुव्यवहार, दाईजोको कारण हिंसा, सम्पत्तिका कारण हिंसा, गर्भावस्थामा लिंङ्ग छनौट गरी गरिने भ्रुण हत्या, बाल विवाह, वैवाहिक वलत्कार, एकल महिला र बृद्ध महिलालाई तिरस्कार, भेदभाव र परम्परागत प्रथाजनित कारणले गरीने हिंसाबाट मलिाहरु पिडित बनेको देखाउँछ।

महिलाहरुमाथि हुने हिंसाहरुलाई न्यूनिकरण गर्न समाज शिक्षित र एकले अर्कोलाइ्र सम्मानको दृष्टिले हेर्ने तथा यस सम्वन्धि कानूनहरुको ईमान्दारीपूर्वक सम्वन्धित निकायद्धारा परिपालना, जातजाति, छुवछुत समाजमा रहेका अन्य कुरिति विरुद्ध लड्नसक्यौं भने मात्र सभ्य र सुसंस्कृत समाजको निर्माण सम्भव हुन्छ। इन्सेकको तथ्यांङ्कमा आधारित।

**आ.व.२०७७ पुस १७ देखि/२०७८ पुस १६ सम्म प्रदेशका आधारमा मानव अधिकारको अवस्था**

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रकाशित गरको नेपाल मानव अधिकार वर्ष २०२२ अनुसार २०७७ पुस १७ देखि २०७८ पुस १६ सम्म (सन २०२१) मा प्रदेशका आधारमा घटना अनुसार पिडित संख्या निम्नानुसार रहेका छन्।**

| घटना | प्रदेश १ | मधेश प्रदेश | वागमति | गण्डकि प्रदेश | लुम्विनि प्रदेश | कर्णालि प्रदेश | सुदुर पश्चिम | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| अपहरण | ०४ | २४ | २ | ० | २ | १ | ० | ३३ |
| गिरफतारग | ०३ | ०३ | १० | ०६ | ०३ | ०७ | ०३ | ३५ |
| कुटपिट | ४५ | ९८ | ०८ | ०८ | ३७ | ५३ | १७ | २६६ |
| बाल अधिकार | २०५ | २२३ | ४२४ | ११० | ३९५ | ८४ | ८१ | १५२२ |
| हिरासतमा मृत्यू | ०२ | ०१ | ०१ | ० | ०१ | ० | ० | ०५ |
| अमानवीय व्यवहार | ० | ११ | ०२ | ०३ | ०३ | ०४ | ०१ | २४ |
| घाईते | १२ | २२ | ० | ०८ | ७६ | ०४ | १४ | १२६ |
| हत्या | ६७ | ७३ | ६२ | २६ | ४५ | ३५ | ३४ | ३४२ |
| जातीय विभेद | ०१ | ०६ | ०३ | ०४ | ०२ | १० | ०२ | २८ |
| अभिव्यक्ति, भेला तथा संगठित हुने अधिकार | ० | ५८ | २१५ | ३३ | ३२ | ११ | १४ | ३६३ |
| धम्की | ०४ | ०५ | ० | ०३ | ०४ | १४ | ०६ | ३६ |
| इातना | ०१ | ०१ | ० | ० | ०१ | ० | ० | ०३ |
| महिला अधिकार | ४६८ | २२८ | ३८९ | ३१० | १२८४ | २०५ | ५३३ | ३४१७ |
| कारागारमा मृत्यु | ०७ | ०५ | ५७ | ०२ | ०१ | ०२ | ० | ७४ |
| बेपत्ता | ० | ० | ० | ० | ० | ० | ०१ | ०१ |
| कुलजम्मा | ९१९ | ७५८ | ११७३ | ५१३ | १७८६ | ४३० | ७०६ | ६२८५ |

# कर्मचारी देश र जनताप्रति उत्तरदायी हुनुपर्ने : मुख्यमन्त्री पाण्डे

मकवानपुर। बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले राजनीतिज्ञ र कर्मचारीले सधैँ देश र जनताप्रति उत्तरदायी भएर सेवा प्रवाह गर्नुपर्ने बताउनुभएको छ। १९औँ निजामती सेवा दिवसका अवसरमा आयोजित समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले कर्मचारीहरूलाई सक्रिय ढङ्गबाट जनताको कामकाज गर्न निर्देशन दिनुभयो।



उहाँले सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै राष्ट्रसेवक निजामती कर्मचारीलाई अझ बढी समर्पण भावका साथ देश र जनताको सेवामा काम गर्ने उत्प्रेरणा मिलोस् भन्दै शुभकामनासमेत दिनुभयो।

“हामी राजनीतिज्ञले जनताको मतबाट पाएको मान सम्मान प्रतिष्ठा र जिम्मेवारी कहिल्यै भुल्नु हुँदैन। त्यस्तै राष्ट्रसेवक कर्मचारीले पनि गाउँपाखामा गरिब किसान मजदुरले तिरेको एक-एक रुपैयाँ करबाट हामी पालिएका छौँ भन्ने कुरा भुल्नु हुँदैन”, उहाँले भन्नुभयो, “जनताप्रति उत्तरदायी भएर काम गर्न सके जनताले सरकारको अनुभूति गर्न सक्छन्, कर्मचारीमाथि भरोसा बढ्दै जान्छ।”

मुलुकमा विभिन्न व्यवस्था परिवर्तनको चरणमा जनप्रतिनिधिको अभावमा पनि कर्मचारीहरूले प्रशासनिक सेवा, पूर्वाधार विकासदेखि जनताको आधारभूत आवश्यकता पूरा गर्ने, सिफारिसका कामलगायत सम्हालेको बताउँदै अब कर्मचारीले दिने सेवामा परिस्कृत गर्दै आम जनताको विश्वास जित्नुपर्ने उहाँले बताउनुभयो।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका मुख्य सचिव मुकुन्द निरौलाको सभाध्यक्षतामा भएको सो कार्यक्रममा निजामती सेवा दिवसका अवसरमाआयोजितविभिन्नमैत्रीपूर्ण खेलकुद प्रतियोगितामा विजयी हुने कर्मचारीलाई पुरस्कृतसमेत गरिएको थियो।रासस

# मुलुकको विकासमा कर्मचारीको महत्वपूर्ण भूमिका हुन्छ : प्रधानमन्त्री देउवा

काठमाण्डु। प्रधानमन्त्री शेरबहादुर देउवाले मुलुकको विकास निर्माणमा कर्मचारीतन्त्रको महत्वपूर्ण जिम्मेवारी रहेको बताउनुभएको छ। उहाँले जनताको सबैभन्दा अगाडि भएर काम गर्ने कर्मचारी भएकोले कर्मचारीले गुणस्तरीय सेवा दिनुपर्नेमा जोड दिनुभयो।

प्रधानमन्त्री देउवाले १९औँ निजामति सेवा दिवसको अवसरमा बुधबार आयोजित कार्यक्रममा कर्मचारीकै सहयोगबाट नै समग्र मुलुकको विकासको काम अघि बढ्ने बताउनभुयो। उहाँले कर्मचारीले सहयोग नगर्दासम्म मुलुकको विकास हुन नसक्ने धारणा राख्नुभयो।

“हामीलाई जनताले मत दिएर जिताए मात्र सरकारमा आउने हो”, उहाँले भन्नुभयो, “तर कर्मचारी (तपाई)हरू स्थायी सरकार हो। मुलुक बनाउने तपाईहरूको हातमा रहेको छ।” उहाँले कर्मचारीलाई आवश्यक सेवा सुविधा दिन आफू तयार रहेको बताउनुभयो। गुणस्तरीय र प्रभावकारी सेवा प्रवाहमा कर्मचारी वर्गले विशेष ध्यान दिन प्रधानमन्त्री देउवाले आग्रह गर्नुभयो।



कार्यक्रममा सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजेन्द्रप्रसाद श्रेष्ठले निजामती प्रशासन उत्कृष्ट प्रशासनको रूपमा हुनुपर्ने बताउनुभयो। उहाँले अहिलेको निजामती प्रशासन डिजिटल प्रणालीमा हुनुपर्ने भन्दै जनताको काम छिटोछरितो रूपमा हुनुपर्ने बताउनुभयो। उहाँले सेवाग्राहीका काम कार्यगत एकता प्रणालीमार्फत हुनुपर्ने बताउनुभयो।

“जुन काम गर्नुपर्ने हो। त्यो काम एकै कोठाबाट हुनुपर्दछ”, उहाँले भन्नुभयो, “एउटा फाइल अर्को कोठामा घुमाउँदा तीन दिन बित्छ। त्यसैले कार्यगत एकता प्रणालीमामार्फत काम हुनुपर्दछ।” उहाँले सङ्घीय निजामती सेवा विधेयक अर्थ र कानुन मन्त्रालयले राय दिने वित्तिकै संसद्‌मा टेबल गर्ने बताउनुभयो। विधेयकमा छुटेका कुरालाई आधिकारिक ट्रेड युनियनसँग छलफल गरेर टुङ्ग्याउने उहाँको भनाइ रहेको छ।

मुख्य सचिव शङ्करदास बैरागीले विगतका कमिकमजोरी औल्याउँदै निजामती कर्मचारी प्रशासन अगाडि बढ्नुपर्ने बताउनुभयो। “निजामती कर्मचारी तीन तहमा राष्ट्र सेवामा समर्पित हुनुपर्दछ। कसैलाई पनि अल्मलिने, ढिलो गर्ने छुट छैन”, उहाँले भन्नुभयो, “कर्मचारीतन्त्र सक्षम भएर मुलुक र जनताको सेवामा काम गर्ने हो।” उहाँले जुनस्तरमा मुलुकको विकास हुनुपर्ने हो त्यो भने हुन नसकेको भनाइ राख्नुभयो।

सामान्य प्रशासन मन्त्रालयका सचिव अर्जुनप्रसाद श्रेष्ठले समग्र प्रशासनको सुधारका लागि निजामती कर्मचारी लागेको बताउनुभयो। नेपाल निजामती कर्मचारी सङ्गठनका अध्यक्ष लेखनाथ कोइरालाले अस्थायी सरकारले स्थायी सरकारलाई हस्तक्षेप गर्दा मुलुकको विकास निर्माणमा बाधा पुगेको बताउनुभयो।

उहाँले चार वर्षदेखि सङ्घीय निजामती ऐन अड्किएको भन्दै यसै संसद्‌को अधिवेशनबाट पारित गराउनुपर्ने धारणा राख्नुभयो। कार्यक्रममा गत आर्थिक वर्षमा निजामती कर्मचारी पुरस्कारबाट सम्मानित भएकालाई यसवर्ष प्रधानमन्त्री देउवा र सामान्य प्रशासनमन्त्री श्रेष्ठले ताम्रापत्र प्रदान गर्नुभएको थियो।

कार्यक्रममा यस वर्षको निजामती पुरस्कार पाउने व्यक्तिको नाम घोषणा गरिएको थियो। प्रत्येक वर्ष दिवसको अवसरमा उत्कृष्ट काम गर्ने कर्मचारीमध्ये एक जनालाई सर्वोत्कृष्ट, १० जनालाई उत्कृष्ट र ३० जनालाई निजामति कर्मचारी पुरस्कार प्रदान गर्ने गरिन्छ। यसवर्ष ‘व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन’ भन्ने मूल नाराका साथ दिवस मनाइएको छ।रासस

# अध्यक्ष दहालद्वारा कार्यकर्तालाई निर्वाचनमा केन्द्रित हुन निर्देशन

काठमाण्डु। नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले आगामी मङ्सिर ४ गते हुने सङ्घ र प्रदेशको निर्वाचनको निम्ति अहिलेदेखि नै गाउँगाउँमा परिचालित हुन आम कार्यकर्तालाई निर्देशन दिनुभएको छ।

माओवादी केन्द्र निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) ले बुधबार आयोजना गरेको निर्वाचन केन्द्रित क्रान्तिकारी फोर्स घोषणा कार्यक्रममा पूर्वप्रधानमन्त्री दाहालले निर्वाचन केन्द्रित हुँदै पार्टीले गरेका कामलाई जनतासम्म पुऱ्याउन निर्देशन दिनुभयो।




उहाँले भन्नुभयो, अहिले हामी एउटा निर्वाचनको ब्याटलमा जाँदै छौँ, पार्टीको नीति भनेको सडक, सदन र सरकार गरी तीनवटै मोर्चाबाट सङ्घर्ष गर्ने हो, त्यसो गर्दा आन्दोलनका उपलब्धिको रक्षा गर्न सकिन्छ, र नयाँ उपलब्धि पनि हासिल गर्न सकिन्छ। संविधानका कतिपय विषयमा असन्तुष्टि हुदाहुँदै पनि नैतिक र राजनीतिक जिम्मेवारीलाई बहन गर्दै निर्वाचन प्रणाली र शासकीय स्वरुपमा सुधार गर्दै संविधानमा गरिएको व्यवस्थाअनुसार ऐनहरु निर्माण गर्ने र समाजवादको यात्रामा जाने पार्टीको मुख्य उद्देश्य रहेको प्रष्ट पार्नुभयो।

पछिल्लो समय निर्वाचन प्रणालीमा देखिएका विकृति र विसङ्गतिलाई सच्याउने, सुधार गर्नेलगायत पार्टीको अभियान सुनाउँदै अध्यक्ष प्रचण्डले पार्टीको उद्देश्य र अभियानलाई सफल बनाउँदै निर्वाचनमा परिचालित हुन पनि निर्देशन दिनुभयो। अध्यक्ष प्रचण्डले भन्नुभयो, ‘यी हाम्रा उद्देश्य, अभियानलाई सफल बनाउन तपाईंहरु क्रान्तिकारी फोर्सको रुपमा, अनेरास्ववियु क्रान्तिकारीको रुपमा वा स्वयंसेवकको रुपमा जनताको बीचमा पार्टीको मान्यतालाई स्थापित गर्न विशेष निर्देशन गर्दछु, तपाईंहरु टोलटोलमा पुग्नुपर्छ, गाउँगाउँमा पुग्नुपर्छ र जनतालाई एउटा नयाँ चेतनामार्फत जागरुक बनाउनुपर्नेछ।’

जनवादी क्रान्तिलाई आफ्नै मौलिकतामा आफ्नै ढङ्गले पूरा गरेको बताउँदै उहाँले समाजवादी क्रान्तिको नयाँ चरण सुरु भएको र त्यसको नेतृत्व गर्ने जिम्मेवारी माओवादी पार्टीको काँधमा रहेको बताउनुभयो। अध्यक्ष दाहालले आगामी मङ्सिर ४ गते हुने निर्वाचनमार्फत देशको राजनीति, क्रान्तिकारी आन्दोलन, देश र जनताको आवश्यकता, राष्ट्रिय स्वाधीनता, देशको आर्थिक विकास र समृद्धिलाई नयाँ उँचाइमा पुऱ्याउने योजना सुनाउनुभयो।

माओवादी केन्द्रका उपमहासचिव तथा अर्थमन्त्री जनार्दन शर्माले समाजवाद र संविधान कार्यान्वयनलगायत पार्टीको प्रष्ट एजेण्डासहित आगामी निर्वाचनलाई लक्षित गरी जनताको घरदैलोमा पुग्न आम कार्यकर्तालाई निर्देशन दिनुभयो। उहाँले नेपालमा वैज्ञानिक शिक्षा र प्रविधियुक्त शिक्षाको कार्यान्वयनको निम्ति विद्यार्थी सङ्गठन अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।

पार्टीका सचिवद्वय लिलामणि पोखरेल र हितमान शाक्यले अब पार्टी पूर्णरुपमा निर्वाचन केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो। अनेरास्ववियु (क्रान्तिकारी) ले उपाध्यक्ष अमरजङ्ग शाहीको नेतृत्वमा ९९ सदस्यीय निर्वाचन लक्षित क्रान्तिकारी फोर्सको घोषणा गरेको छ। अनेरास्ववियु (क्रान्तिकारी) का अध्यक्ष पञ्चा सिंहले आगामी मङ्सिर ४ गते हुने सङ्घ र प्रदेशको चुनावलाई लक्षित गरी २५ सदस्यीय केन्द्रीय चुनाव परिचालन समिति गठन गरिएको जानकारी दिनुभयो।रासस

# मिडिया विधेयक छलफलका लागि समितिमा

काठमाण्डु। नेपाल मिडिया काउन्सिल विधेयक, २०७६ लाई दफावार छलफलका लागि संसदीय समितिका पठाइएको छ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले राष्ट्रियसभाको सन्देशसहितको ‘नेपाल मिडिया काउन्सिल विधेयक, २०७६ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस’ भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। उक्त प्रस्तावलाई बैठकले सर्वसम्मतिले स्वीकृत गरेको हो।

उक्त प्रस्ताव निर्णयार्थ पेश गर्नुअघि सांसद प्रेम सुवालले बैठकको गणपूरक सङ्ख्या नपुगेको भन्दै नियमापत्ति जनाएपछि सभामुख अग्निप्रसाद सापकोटाले गणपूरक सङ्ख्या यकिन गर्न निर्देशन गर्नुभएको थियो। गणपुरक सङ्ख्या पुगेपछि प्रस्ताव निर्णयार्थ प्रस्तुत भएको थियो। प्रतिनिधिसभाको अर्को बैठक यही भदौ २५ गते शनिबार दिउँसो १ बजे बस्नेछ।

# वायु प्रदूषण न्यूनीकरण गर्न साझा पहल आवश्यक छ : मन्त्री यादव

काठमाण्डु। वन तथा वातावरणमन्त्री प्रदीप यादवले वायु प्रदूषण कुनै एक देशको मात्रै समस्या नभई यसको फैलावट तथा प्रभाव क्षेत्र सीमापार प्रकृतिको हुने भएकाले यसको प्रभाव न्यूनीकरणका लागि साझा पहल आवश्यक रहेको बताउनुभएको छ।



वातावरण विभागद्वारा बुधबार आयोजित कार्यक्रममा उहाँले वायु प्रदूषण न्यूनीकरण गर्न सबै क्षेत्र र तह तप्काबाट आवश्यक पहल गर्न जरुरी रहेको बताउनुभयो।

उहाँले भन्नुभयो,‘वायु प्रदूषण कुनै एक देशको मात्रै समस्या होइन, यो साझा समस्या भएकाले न्यूनीकरणका लागि सबैको पहल आवश्यक छ।’ वायु प्रदूषणका नकारात्मक प्रभावले देशको पर्यावरणीय सन्तुलनमा मात्र भनई मानव स्वास्थ्य, कृषि उत्पादन तथा आर्थिक वृद्धिमा समेत असर पर्न गई समग्र विकासक्रम नै बिथोलिन थालेकोप्रति मन्त्री यादवले चिन्ता व्यक्त गर्नुभयो।

यसैगरी उहाँले विकास र वातावरण एकापसका प्रतिद्वन्द्वी नभई परिपूरक हुन् भन्ने दिगो विकासको अवधारणाबमोजिम नै नेपाल सरकारले सञ्चालन गर्ने कुनै पनि विकास निर्माण कार्यबाट वातावरणमा पर्नसक्ने सम्भावित असरलाई अनिवार्यरुपमा सम्बोधन गर्नुपर्ने व्यवस्था वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ ले गरेको बताउनुभयो।

वायु प्रदूषण न्यूनीकरणका लागि सरकारले विभिन्न नीति नियम बनाएको भए पनि कार्यान्वयन पक्ष फितलो भएका कारण समस्या बढ्दै गएको मन्त्री यादवले बताउनुभयो। पूर्वतयारी नहुँदा पछिल्लो समय जङ्गलमा आगलागी हुने तथा वायु प्रदूषण बढ्दै गइरहेकाले हामीले आगलागीजस्ता घटना हुन नदिनका लागि पूर्वतयारी अपनाउन आवश्यक रहेकोसमेत उहाँले बताउनुभयो।रासस

# सुनसरी–३ बाट कांग्रेसका उम्मेदवार सिफारिस

इनरुवा। आगामी मङ्सिर ४ गते हुने निर्वाचन लागि नेपाली कांग्रेसका नेता विजयकुमार गच्छदार सुनसरी क्षेत्र नं ३ बाट प्रतिनिधिसभामा प्रत्यक्षतर्फको उम्मेदवारमा सिफारिस हुनुभएको छ।

सोही क्षेत्रबाट उहाँ छपटक प्रतिनिधिसभा सदस्यमा विजयी भइसक्नुभएको छ। यस्तै सुनसरी क्षेत्र - ३ बाट समानुपातिकतर्फ हरिप्रसाद सापकोटा, सप्पनकुमार दास, कपलेश्वर यादव, कल्पना चौधरी, समित्रा थरुनी, सीता भुसाल, सरिताकुमारी यादव र हेमलता चौधरीलाई सिफारिस हुनुभएको जनाइएको छ।

यस्तै सुनसरी क्षेत्र नं ३ (क) बाट प्रत्यक्षमा ओम थापा, महेश बाँस्तोला, जितेन्द्र केसी, दीपक ढकाल, रोहित प्रसाईँ, रामरोहन चौधरीको नाम सिफारिस भएको छ भने समानुपातिकमा गोपालराज भण्डारी, हाजी महम्द अबदुल मियाँ, विष्णुबहादुर डाँगी, सुरज दास (थारू), रामहृदय रामात राजु, सुवोध घिमिरे, प्रकाश चौधरी, ईश्वर तामाङ, देवेन्द्र चौधरी, अंयुब हुसैन, कल्पना कार्की, दिलमाया डाँगी, सुनितन गच्छतार, पन्छी बाइबार, बिमला प्रधान, रेखा कौर प्रसाईँ, उर्मिलादेवी चौधरी, लक्ष्मीकुमारी ठाकुर, कौहिलाकुमारी सुनुवार, रामपरी चौधरी, ममता चौधरी, रमला तामाङ, लक्ष्मी भट्टराई र राधा तामाङ सिफारिस हुनु भएको पार्टीका जिल्ला सचिव वीरेन्द्रकुमार साहले जानकारी दिनुभयो।

त्यसैगरी सोही क्षेत्रको नम्वर ३(ख) मा प्रत्यक्षमा कदमलाल चौधरी, बिरेन्द्रकुमार साह, गणेश कुमार राय, प्रदीप कुमार चौधरी, गौरीशंकर रौनियनर, रामचन्द्र राय, तालुराम माँझी, रेशमलाल चौधरी, बिन्देश्वर यादव, प्रेमबहादु रगौतम, शिब प्रसाद दङगाल, बिरनारायण चौधरी, मरिचमान चौधरी, समशेर चौधरी, अर्सपी यादवको नाम सिफारिस भएको छ भने समानुपातिकमा रघुनन्दन चौधरी, उमारजन थापा, ब्रहम प्रकाश रौनियनर, गिरधारीप्रसाद साह (हलुवाइ), दीपक राय, रामदेव यादव, सुभकलाल राय, वासुदेव राम, ताराचन्द चौधरी, रामकुमार थापा, अख्तरराइम हुसैन, सूर्यनारायण पासवान, सुरवीर उपाधाय, सुनिता दाहाल साह, कृष्णाकुमारी विक, इमा मिश्रा आचार्य र कोशिला चौधरीलाई सिफारिस गरिएको जनाइएको छ।रासस

# संसद्‌मा कलाकार अपूर्व क्षितिजलाई रिहाइ गर्न माग

काठमाण्डु। प्रतिनिधिसभाको बुधबारको बैठकमा कलाकार अपूर्व क्षितिज सिंहलाई रिहाइ गर्न माग गरिएको छ।

बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का प्रमुख सचेतक विशाल भट्टराईले कलाकार अपूर्व क्षितिज सिंहले व्यंग गरेर आफ्नो कला प्रस्तुत गरेबापत जेल जानुपरेको उल्लेख गर्नुभयो।

हास्यकला प्रस्तुत गर्दा कसैलाई मर्का पर्नसक्छ, त्यसैका आधारमा पक्राउ गर्न नमिल्ने बताउँदै उहाँले सिंहलाई तत्काल रिहाइ गर्न माग गर्नुभयो। साथै उहाँले आगामी मङ्सिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन घोषणा भइसकेको सन्दर्भमा सरकारले दीर्घकालीन महत्वका निर्णय गर्न थालेको र निर्वाचनमा प्रभाव पार्ने गरी कर्मचारीको सरुवा गरेको आरोप लगाउँदै तत्काल त्यस्ता कार्य बन्द गर्न सरकारसँग माग गर्नुभयो।

सांसद समिना हुसेनले मुलुकभर विशेष गरी तराई-मधेशमा हाल जग्गाको कित्ताकाट गर्न पनि नपाएको र जग्गा बैंकमा राखेर ऋण पनि नपाएको बताउँदै यसले किसानका छोराछोरीले पढनसमेत नपाएको उल्लेख गर्नुभयो। उहाँले यस सम्बन्धमा तत्काल समस्या समाधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद हुसेनले वैदेशिक रोजागरीमा हाल महिलालाई रोक लगाएर विभेद गरिएको बताउँदै तत्काल यो विषय सम्बोधन गर्न पनि माग गर्नुभयो। सांसद लक्ष्मणलाल कर्णले नेपाल अतिरिक्त हुलाक सेवामा हजारौँ कर्मचारी न्यूनतम तलब पनि नपाएर काम गर्नुपरेको जानकारी गराउँदै उनीहरूलाई न्यूनतम तलबको व्यवस्था गर्न सरकारसँग माग गर्नुभयो।रासस

# दुई वर्षभित्र पूर्ण विद्युतीकरण गर्ने लक्ष्य छ : मन्त्री भुसाल

काठमाण्डु। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री पम्फा भुसालले आगामी दुई वर्षभित्र मुलुकमा पूर्ण विद्युतीकरण गर्ने लक्ष्य रहेको जनाउँदै सोही अनुसार काम भइरहेको बताउनुभएको छ।

प्रतिनिधि सभाको बुधबारको बैठकमा सांसद डा भीमबहादुर रावलले, ‘माथिल्लो कर्णाली जलविद्युत् आयोजना विकास सम्झौताको कार्यान्वयन गर्न गराउन तथा राष्ट्रिय हितमा प्रयोग हुने गरी संरक्षण र संवर्द्धन गर्न आवश्यक भएकाले’ भन्ने जरुरी सार्वजनिक महत्वको विषयमाथि छलफलका क्रममा उहाँले सो कुरा बताउनुभएको हो।

मुलुकभित्र उपलब्ध जलविद्युत्‌को उत्पादन तथा समुचित विकासबाट उज्यालो नेपाल बनाउन सरकारसँग स्पष्ट मार्गचित्र रहेको उल्लेख गर्दै उहाँले आर्थिक र प्राविधिक कारण अपेक्षाअनुसार उत्पादन गर्न नसकिएको उल्लेख गर्नुभयो। मुलुकभित्र लोड सेडिङ अन्त्य भएको जनाउँदै मन्त्री भुसालले जलविद्युत् उत्पादनका क्षेत्रमा निजी क्षेत्रले गरेको भूमिका प्रसंशीय रहेको बताउनुभयो।

जलाशययुक्त जलविद्युत् आयोजनामध्ये धैरैको अध्ययन भइरहेको र बूढीगङ्गा र दूधकोसी आयोजना निर्माणको अन्तिम चरणमा पुगेको उहाँले जानकारी गराउनुभयो। माथिल्लो कर्णाली आयोजनाका सन्दर्भमा जिएम आर कम्पनीसँग भएको सम्झौताका बारेमा जानकारी गराउँदै यसबाट उत्पादित विद्युत् बङ्गलादेशसम्म निर्यात गर्न सकिने मन्त्री भुसालले बताउनुभयो। रासस

# डेङ्गु तत्काल नियन्त्रण गर्न सांसदको माग

काठमाण्डु। प्रतिनिधिसभाको शून्य समयमा बोल्ने सांसदहरूले महामारीका रूपमा फैलिँदै गरेको डेङ्गुलाई तत्काल नियन्त्रण गर्नका लागि सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

बैठकमा बुधबार सांसद प्रकाशमान सिंहले देशमा हैजादेखि डेङ्गुजस्ता रोग फैलिँदै गएकाले त्यसको नियन्त्रण गर्न सरकारसँग माग गर्नुभयो। सांसद देवप्रसाद तिमिल्सिनाले हालसम्म ७१ जिल्लामा डेङ्गु फैलिसकेको र बढ्ने क्रम जारी भएकाले निःशुल्क उपचारको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउँदै तराईमा विपन्नलाई निःशुल्क झुलको व्यवस्था गर्न आग्रह गर्नुभयो। सांसद तेजुलाल चौधरीले शिक्षालाई सरकारले ध्यान दिन नसक्दा १२ कक्षामा ४१ प्रतिशत मात्र नतिजा आएको उल्लेख गर्दै सबैको तलब बढ्दा विद्यालयका कर्मचारीको तलब पनि बढ्नुपर्ने माग गर्नुभयो। सांसद नरमाया ढकाल र सांसद पार्वता डिसी चौधरीले थारु समुदायका होनाहार युवालाई थुनामा राखेर निर्वाचनमा जानु सही नभएको धारणा राख्नुभयो।

सांसद नवराज सिलवालले नेपालको अन्तर्राष्ट्रिय त्रिभुवन विमानस्थलमा हुने गरेको अस्तव्यस्त र गैरकानुनी क्रियाकलाप रोक्नुपर्ने माग गर्दै भिजिट भिसाका कारण मानव तस्कार बढ्दै गएकाप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद पद्मनारायण चौधरीले भूउपयोग नीति अवलम्बन गरेको हुनाले जगाको कित्ताकाट गर्न नसक्दा किसान मारमा परेको हुँदा कित्ताकाट गर्ने व्यवस्था सरकारले मिलाउनुपर्ने सुझाव दिनुभयो।

सांसद पार्वतीकुमारी विसडखेले संविधानअनुसार गठन गरिएको राष्ट्रिय समावेशी आयोगले तयार पारेको प्रतिवेदनमा आरक्षण नै आवश्यक छैन भन्ने पूर्वाग्रही प्रतिवेदन सार्वजनिक गरेको उल्लेख गर्दै उक्त सुझाव दिने र प्रतिवेदन निकाल्ने पदाधिकारीलाई कारबाही गर्न सरकारसँग माग गर्नुभयो।

सांसद पुष्पकुमारी कर्णले सांसदले समसामयिक विषयमा शून्य समय र विशेष समयमा उठेका विषयको पाँच दिनभित्र सम्बन्धित मन्त्रालयले जवाफ दिनुपर्ने तर त्यो हुन नसकेकोप्रति दुःख व्यक्त गर्नुभयो। सांसद प्रमिला राईले समावेशी र समानुपातिकाको प्रावधान भए पनि आगामी मङ्सिर ४ गते हुन लागेको निर्वाचनमा महिलाको नाम सिफारिस भएको नदेखिएकोप्रति दुःख व्यक्त गर्दै प्रत्यक्ष तथा समानुपातिकमा ३३ प्रतिशत हुनुपर्ने संवैधानिक व्यवस्थालाई नकार्न नमिल्ने बताउनुभयो।रासस

# सिचुआन भूकम्पमा ७४ को मृत्यु, २६ बेपत्ता

**सिन्ह्वा**

छेन्दु । चीनको दक्षिणपश्चिम प्रान्त सिचुआनमा सोमबार गएको शक्तिशाली भूकम्पमा परी मृत्यु हुनेको संख्या ७४ पुगेको स्थानीय सञ्चारमाध्यमले बुधबार जनाएको छ । बुधबार राति ९ बजेसम्म समाचारअनुसार सो भूकम्पमा परेर अभै २६ जना बेपत्ता रहेका छन् । मङ्गलबार बेलुका ९ बजेसम्म गान्जी प्रान्तमा ४० को ज्यान गएको, १४ जना बेपत्ता र १७० जना घाइते भएका बताएको छ ।



यान सहरमा मङ्गलबार अबेरसम्म ३४ जनाको मृत्यु भएको, १२ जना बेपत्ता र ८९ जना घाइते भएका सहरको आपतकालीन व्यवस्थापन ब्यूरोले जनाएको छ ।

सिचुआन प्रान्तको प्रान्तीय राजधानी छेन्दुमा भूकम्पका कारण लाखौं मानिस प्रभावित भएका बताइएको छ । त्यसको नजिकैको शहर चोङकिङमा पनि भूकम्पको धक्का महसुस भएको स्थानीय बासिन्दाले जानकारी गराएका छन् । भूकम्पको केन्द्रबिन्दू सिचुआन प्रान्तको काङदिङ शहरबाट करिब ४३ किलोमिटर दक्षिणपूर्वमा रहेको चिनियाँ सरकारी सञ्चारमाध्यमले जनाएका छन् ।

सो भूकम्प १० किलोमिटर गहिराइमा तथा ६.८ म्याग्निच्युडको रहेको पनि अमेरिकी भौगर्भिक सर्वेक्षण संस्था (युएसजिएस) ले जनाएको छ।

भूकम्पका कारण भौतिक संरचनामा पनि क्षति पुगेको छ । भूकम्पले भत्काएकाले यहाँबाट अर्को शहरमा जाने बाटो पनि अवरुद्ध भएको छ । त्यसैगरी मानिसको बसोबास रहेका कैयौं क्षेत्रमा दूरसञ्चारका लाइन काटिएकाले सञ्चार सम्पर्क पनि विच्छेद हुन पुगेको छ ।

यसैबीच चिनियाँ राष्ट्रपति सी चिनफिङले सोमबार गएको भूकम्पका पीडित र प्रभावितको उद्धारकार्य चुस्तरुपमा गर्न निर्देशन दिनुभएको छ । उहाँले यस कार्यलाई पहिलो प्राथमिकतामा राखेर काम गर्न र भूकम्पका प्रभावितको उद्धार र राहातको काममा कुनै कसर बाँकी नराख्न पनि निर्देशन दिनुभएको छ।

# कारमा बस्दा सिट बेल्ट अनिवार्य लगाउनुपर्ने

**सिन्ह्वा**

नयाँदिल्ली । भारत सरकारले सडक यातायातका क्रममा कार तथा सबै सवारी साधनमा सिट बेल्ट लाउनु अनवार्य गरिएको जनाएको छ ।

कारको अगाडि बस्ने सबै जनाले सिट बेल्ट लाउनु अनिवार्य भएको नियम यहाँको केन्द्रीय सरकारले जनाएको छ ।

यदि कार तथा बसमा यात्रा गरिहेका व्यक्तिले सिट बेल्ट नलाएको पाइएमा उनीहरुलाई कडा कारबाही गरिने नियम पनि सरकारले ल्याएको जनाइएको छ ।

भारतीय केन्द्रीय सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले सो नियम कडारुपमा लागू गरिने बताउनुभएको हो । उहाँले भन्नुभएको छ, यससम्बन्धी बिस्तृत सूचना चाँडै नै प्रकाशन हुनेछ, यो नियम भारतभरका लागि लागू हुनेछ ।

भारतका एकजना प्रसिद्ध उद्योगी व्यवसायी सिरस मिस्ट्रीको मङ्गलबार कार दुर्घटनामा परेर निधन भएको थियो । भारतको मुम्बइमा उहाँको निधन भएको एक दिनपछि भारतको केन्द्रीय सरकारले यो नियमको घोषणा गरेको हो ।

कार दुर्घटनाका क्रममा उहाँ आफ्नो कारको चालकसँगैको सिटमा बस्नुभएको थियो । तर उहाँले सिट बेल्ट भने बाँध्नुभएको थिएन ।

उहाँको पछि बसेका अरु व्यक्तिहरुले भने सिट बेल्ट बाँधेका थिए । यसका कारण उनीहरु सुरक्षित रहेका थिए ।

केन्द्रीय मन्त्री गड्करीले कारसम्बन्धी यो नियम भारतका सबै खालका कारहरुका लागि लागू हुने जानकारी पनि दिनुभयो ।

# क्रिकेट कप्तान लामिछानेमाथि नाबालिका करणीको आरोप

काठमाण्डु । नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान सन्दीप लामिछानेमाथि नाबालिका करणी गरेको आरोप लागेको छ।



एक व्यक्तिले आफ्नी १७ वर्षीया नाबालिका बहिनीलाई यही भदौ ६ गते जबर्जस्ती करणी गरेको आरोपसहित बुधबार प्रहरीमा जाहेरी दिएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक टेकप्रसाद राईले जानकारी दिनुभयो । महानगरीय प्रहरी वृत्त गौशालामा परेको उक्त जाहेरीमा स्याङ्जा आरुचौर स्थायी घर भई हाल काठमाडौँको बूढानीलकण्ठ बस्ने लामिछानेले बालिकालाई यही ५ गते काठमाडौँ र भक्तपुरका विभिन्न स्थानमा घुमाएको र सोही दिनको राति काठमाडौँको एक होटलमा ल्याएर जबर्जस्ती करणी गरेको आरोप छ ।

जाहेरीपछि बालिकाको विस्तृत स्वास्थ्य परीक्षण गराइएको प्रहरीले जनाएको छ । अनुसन्धानका विविध विधि र प्रविधि प्रयोग गरी जिल्ला प्रहरी परिसर काठमाडौँ र प्रहरी वृत्त गौशालाबाट संयुक्तरूपमा खटिएको प्रहरी टोलीले उक्त घटनामा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी परिसर काठमाडौँले सूचना जारी गरी जनाएको छ । लामिछाने अहिले लिग क्रिकेट खेलका सिलसिलामा विदेशमा छन् ।रासस

# भारतले पाकिस्तानलाई हरायो

काठमाण्डु । राजधानीमा जारी छैटौँ संस्करणको महिला साफ च्याम्पियनसीप फुटबल प्रतियोगितअर्न्गत बुधबार भएको पहिलो खेलमा साविक विजेता भारतले पाकिस्तानलाई पराजित गर्दै प्रतियाोगितामा सुखद सुरुआत गरेको छ।



त्रिपुरेश्वरस्थित दशरथ रङ्शालामा मैदानमा भएको खेलमा भारतले पाकिस्तानलाई ३-० गोलअन्तरले पराजित गर्दै विजयी भएको हो। पाकिस्तानको आत्मघाती गोलबाट भारतले पहिलो अग्रता लियो । खेलको २१औँ मिनेटमा पाकिस्तानकी कप्तान मारिया खानले आफ्नै पोष्टमा आत्मघाती गोल गरिदिएपछि भारतले पहिलो अग्रता लिएको हो । मारियाले गोल गरेको दुई मिनेट पनि बित्न नपाउँदै भारतले दोस्रो अग्रता लियो । खेलको २३औँ मिनेटमा भारतीय खेलाडी ग्रेस डाङमीले गोल गर्दै भारतलाई दोस्रो अग्रता दिलाएकी हुन् ।


त्यसपछि खेलको दोस्रो हाफको अत्तिरिक्त समयमा भारतकी सौम्या गुगुलोथले एक गोल थप्दै खेललाई ३-० को जित दिलाइन् ।

यस जितसँगै भारतले शीर्ष तीन अङ्क जोडेको छ । पाकिस्तानले भने प्रतियोगितमा हारबाट सुरुआत गर्‍यो । उक्त प्रतियोगिताअन्तर्गत आज हुने दोस्रो खेलमा माल्दिभ्स र बङ्गलादेश भिड्नेछन् । खेल साँझ साढे ५ बजेदेखि सुरुआत हुनेछ ।रासस

# दक्षिण कोरिया, भारत र पाकिस्तानका कोरोना सङ्क्रमण घटेन

**सिन्ह्वा**

सोल । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) ले विश्वव्यापीरूपमा कोभिड-१९ सङ्क्रमण र कोभिडजन्य मृत्युदर घटेको बताए तापनि दक्षिण कोरियामा भने कोरोना सङ्क्रमण उल्लेखनियरुपमा घटेको छैन ।



बुधबार मध्यरातसम्म सार्वजनिक गरिएको विवरणअनुसार यस देशमा ८५ हजार पाँच सय ४० जना नयाँ सङ्क्रमित थपिएका छन् । यद्यपी सोमबार मध्यरातसम्म सार्वजनिक गरिएको विवरणअनुसार देशमा ९९ हजार आठ सय ३७ जना नयाँ सङ्क्रमित थपिएका थिए। सोमबारको तुलनामा मङ्गलबार सङ्क्रमित घटेका छन् ।

हाल दक्षिण कोरियामा कोभिड-१९ सङ्क्रमितको सङ्ख्या दुई करोड ३७ लाख ९१ हजार नौ सय ६१ पुगेको स्वास्थ्य अधिकारीले बुधबार जानकारी दिएका छन् ।

बुधबार कोरोना सङ्क्रमणको कारण ४६ जनाको मृत्यु भएसँगै कोरियामा कोभिड लागेर ज्यान गुमाउनेको सङ्ख्या २७ हजार दुई सय ४९ पुगेको छ। दक्षिण कोरियामा तत्काल यो महामारी साम्य हुने लक्षण देखिएको छैन । यसैबीच भारतमा एकै दिनमा पाँच हजारभन्दा बढीमा कोरोना सङ्क्रमिण्त भएका छन् । यहाँ २४ घण्टाको समयावधी अर्थात मङ्गलबार मध्यरातिसम्म पाँच हजार तीन सय ७९ जना कोरोना सङ्क्रमित भएका सङ्घीय स्वास्थ्य मन्त्रालयले बुधबार सार्वजनिक गरेको छ।

यसैसँगै भारतमा चार करोड ४४ लाख ७२ हजारभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भएका छन् । भारतमा एक दिन अगाडि अर्थात आइतबार प्रकाशित तथ्याङ्कअनुसार एक दिनमा चार हजार चार सय १७ जनामा सङ्क्रमण देखापरेको थियो । दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ ।

भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या ५० हजार पाँच सय ९४ जना रहेका छन् । नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धैरै रहेकाले सक्रिय सङ्क्रमित घटेका छन् ।

चौविस घण्टाको समयावधि अर्थात मङ्गलबार मध्यरात कोरोना सङ्क्रमणबाट भारतमा २७ जनाको मृत्यु भएको छ । यसैसँगै कोरोना सुरु भएबाट हालसम्म पाँच लाख २८ हजार ५७ जनाको मृत्यु भएको छ ।

भारतमा हिजो एक दिनमा सात हजार ९४ जना कोरोना मुक्त भएका छन् । यसैसँगै कूल चार करोड ३८ लाख ९३ हजार पाँच सय ९० जना कोरोनामुक्त भएका छन् ।

भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। । सो समयबाट हालसम्म दुई अर्ब १४ करोडभन्दा बढी मात्रा खोप लगाइएको छ ।

भारतमा कोरोना सुरु भएयता हालसम्म ८८ करोड ७० लाखभन्दा बढीको कोरोना भाइरस परीक्षण भएको जनाइएको छ ।

यसैबीच भारतको छिमेकी देश पाकिस्तानमा मङ्गलबार थप एक सय ५८ जना कोरोना भाइरस सङ्क्रमित भएका छन् ।

यसैसँगै पाकिस्तानमा १५ लाख ७० हजार चार सय ६२ जना कोरोना कूल सङ्क्रमित भएका छन् । पाकिस्तानमा मङ्गलबार कोरोना सङ्क्रमणको कारण एक सय पाँच जनाको मृत्यु भएको छ। कोरोना शुरु भएयता पाकिस्तानमा ३० हजार पाँच सय ९४ जनाले ज्यान गुमाएका छन् ।

# क्यामरूनको अङ्ग्रेजीभाषी क्षेत्रमा पाँच जना मारिए

**सिन्ह्वा**

क्यामरून । अङ्ग्रेजीभाषीको बाहुल्य रहेको क्यामरूनको दक्षिणपश्चिम भेगमा सन्दिग्ध पृथकतावादीले यात्रुबाहक एउटा बसमा आक्रमण गर्दा पाँच जना मारिएका तथा अन्य तीन जना घाइते भएका छन् ।

कुम्बा क्षेत्रबाट वुबातर्फ गइरहेको बसमाथि एकोना इलाकाको राजमार्गमा आक्रमण भएको बताउँदै स्थानीय अधिकारीहरूले चार जना यात्री र बसका चालक मारिएका जनाएका छन्।

चार जनाको घटनास्थलमा र एक जनाको उपचारका क्रममा अस्पतालमा मृत्यु भएको एक जना वरिष्ठ सैनिक अधिकारीले सिह्वालाई फोनमा बताए। घटनास्थलमा सुरक्षा फौज पुगेका तर उनीहरूलाई देखेर पृथकतावादीहरू भागेका उनले बताए। घाइते तीनैजना महिला हुन्। उनीहरूको वुबा क्षेत्रीय अस्पतालमा उपचार भइरहेको छ।

ग्रीष्मकालीन बिदापछि सोबारदेखि खुलेका अङ्ग्रेजीभाषीका विद्यालय बन्द गराउन पृथकतावादीले आक्रमण गरेका हुन् ।

# चीन र रूसका राष्ट्रपति भेट हुने

**एएफपी**

मस्का । चीनका राष्ट्रपति सी चीनफिङ र रूसका राष्ट्रपति भ्लादिमिर पुटिनबीच आगामी साता उज्वेकिस्तानमा भेट हुने भएको छ । उज्वेकिस्तानको सामरकन्दमा यही भदौ ३० र ३१ गते आयोजना हुने साङ्घाइ सहयोग सङ्गठन (एससीओ) शिखर सम्मेलनमा सहभागी हुने सिलसिलामा दुवै नेताबीच भेटवार्ता हुन लागेको हो ।

चीनका लागि रूसका राजदूत एन्ड्रे डेनिसोभले राष्ट्रपतिद्वयबीचको भेटवार्तालाई पुष्टि गर्दै नेताद्वयबीचको पूर्ण बैठक र त्यसको कार्यसूचीमा गम्भीर ढङ्गले काम भइरहेको बताएका छन् । उनले रूसी र चिनियाँ राष्ट्रपतिबीच द्विपक्षीय एवम् अन्तरराष्ट्रिय चासोका विषयमा विचारविमर्श हुने बताए ।

कोभिड-१९ को महामारीपछि चिनियाँ नेता सीको यो पहिलो विदेश भ्रमण हुनेछ । यद्यपि मुख्यभूमि चीनबाट उहाँ गत असार १७ गते हङकङ पुग्नुभएको थियो । हङकङ चीनलाई हस्तान्तरण गरिएको २५औँ वार्षिकोत्सव विशेष समारोह तथा उक्त औद्योगिक महानगरका प्रमुख कार्यकारीको शपथ कार्यक्रममा सहभागी हुन उहाँ त्यहाँ जानुभएको हो ।

साङ्घाइ सहयोग सङ्गठनमा चीन, रुस, चार मध्य एसियाली देश काजाकिस्तान, किर्गिस्तान, उज्वेकिस्तान र ताजिकिस्तान तथा भारत र पाकिस्तान सदस्य छन् । युक्रेनमा सैन्य आक्रमण सुरु गेरपछि पश्चिमा राष्ट्रले रूसमाथि कडा प्रतिबन्ध लगाएका बेला मस्कोले एशियाली देशहरू, विशेष गरी चीनसँग सम्बन्ध सुदृढ गर्न खोजेको छ।

बेइजिङले युक्रेनमा मस्कोको हस्तक्षेपको निन्दा गरेको छैन । यसअघि राष्ट्रपति पुटिन र सीबीच गत माघमा बेइजिङमा शीतकालीन ओलम्पिक खेलकुदका बेला भेटवार्ता भएको थियो ।रासस

# इन्धन आपूर्तिमा अवरूद्धता मर्मतका लागि भएको पुटिनको दावी



**सिन्ह्वा**

मस्का । रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले रूसले आफ्नो ऊर्जा निर्यातलाई 'हतियार'का रूपमा प्रयोग गरिरहेको भन्ने आरोपको बुधबार खण्डन गर्नुभएको छ ।

जाडो याम नजिकिँदै गर्दा युरोपमा ऊर्जा मूल्य सङ्कट उत्पन्न हुने डरलाई थप प्रमाणित गर्दै रूसले मर्मतका लागि नोर्ड स्ट्रिम पाइपलाइन केही दिनका लागि बन्द गरिएको जनाएको छ ।

रूसी आपूर्तिमा अत्यधिक निर्भर रहेको युरोपले युक्रेनमा रूसको सैन्य अभियानलाई लिएर लगाइएको प्रतिबन्धको जवाफमा मस्कोले ऊर्जालाई आपूर्तिलाई ब्ल्याकमेलिङको रूपमा प्रयोग गरेको आरोप लगाउँदै आएको छ ।

पुटिनले प्रशान्त महासागरीय बन्दरगाह शहर भ्लादिभोस्तोकमा आयोजित इस्टर्न इकोनोमिक फोरममा भन्नुभयो,"रूसले ऊर्जालाई हतियारको रुपमा प्रयोग गर्छ भन्ने उनीहरूको भनाइ छ । यो निकै गलत छ । आयातकर्ताको अनुरोध र आवश्यकताअनुसार आफ्नो क्षमतामा इन्धन आपूर्ति गर्छौं ।'

रूसी ग्याँस कम्पनी गजप्रोमले शुक्रबार एक टर्बाइनमा तेल चुहावट भेटिएपछि नोर्ड स्ट्रिम मर्मतका लागि बन्द गर्ने जनाएको छ ।

क्रेमलिनको प्रतिबन्धले रूसी ग्याँस पूर्वाधारको उचित मर्मतसम्भारमा बाधा पुऱ्याएको र विशेष गरी क्यानाडामा मर्मत भइरहेको सिमेन्स टर्बाइनको फिर्तीमा अवरोध पुऱ्याएको बताएको छ ।

भ्लादिभोस्तोक फोरममा पुटिनले भन्नुभयो, "हामीलाई टर्बाइन दिनुहोस्, हामी भोलि नोर्ड स्ट्रिम घुमाउनेछौं ।

हामी भोलि यो गर्न तयार छौं, केवल एक बटन थिच्न आवश्यक छ । तर हामीले नै प्रतिबन्ध लगाएका होइनौं,' पुटिनले भन्नुभयो ।

# हसिना र गान्धीबीच भेटवार्ता

**एएनआई**

नयाँ दिल्ली । बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिना र भारतीय काँग्रेसका नेता राहुल गान्धीबीच भेटवार्ता भएको छ ।



चार दिने भारत भ्रमणमा रहनुभएकी बङ्लादेशकी प्रधानमन्त्री हसिनाले नेता गान्धीलाई बुधबार नयाँ दिल्लीमा भेटवार्ता गर्नुभएको हो । उहाँहरूबीच पार्टी पार्टी बीचको आपसी सम्बन्ध, दुई देशको सम्बन्ध र व्यक्तिगत तथा पारिवारिक विषयमा समेत कुराकानी भएको जनाइएको छ ।

भारतले उच्च प्राथमिकतामा राखेको देशकी प्रधानमन्त्री हसिना आपसी सम्बन्धलाई थप बलियो बनाउन सोमबार भ्रमणमा आउनुभएको जनाइएको छ । भ्रमणका क्रममा उहाँले उच्चस्तरीय भेटवार्ता गर्नुका साथै कतिपय सम्झौताहरूमा समेतहस्ताक्षरभएकोअधिकारीहरूले जनाएका छन् । भारतले छिमेकी प्रथम प्राथमिकतामा नीति अन्तर्गत छिमेकी मुलुक बङ्लादेशलाई उच्च प्राथमिकतामा राख्दै आएको छ । कतिपय सहयोग र सहकार्यका लागि पनि भारतले बङ्लादेशलाई उच्च प्राथमिकता दिएको देखिन्छ।

बङ्लादेशी प्रधानमन्त्री हसिनाले भारत भ्रमणका क्रममा राष्ट्रपति द्रौपदी मुर्मु र उपराष्ट्रपति जगदीप धनकरसँग पनि शिष्टाचार भेटवार्ता गर्नुभएको छ । राष्ट्रपति भवनमा हसिनालाई स्वागत गर्दै राष्ट्रपति मुर्मुले भारत र बङ्लादेशबीच पुरानो संस्कृतिक, ऐतिहासिक, भाषिकलगायतका बहुआयामीक सम्बन्ध रहेको स्मरण गर्नुभएको थियो। उहाँले प्रधानमन्त्री नरेन्द्र मोदी र प्रधानमन्त्री सेख हसिनाबीचको सौहार्दपूर्ण सम्बन्धले दुई देशको सम्बन्ध पनि नयाँ उचाइमा पुगेको चर्चा गर्नुभएको थियो।

हसिनाले प्रधानमन्त्री मोदीसँग यसअघि नै भेटवार्ता गर्नुभएको थियो। त्यस अवसरमा सहकार्यका नयाँ परियोजनाहरुका बारेमा सम्झौता समेत भएको थियो ।

# फिलिपिन्समा बार्षिक मृत्युदर ४३ प्रतिशतले बृद्धि

**सिन्ह्वा**

मनिला ।फिलिपिन्समा बार्षिक मृत्यु दर ४३ प्रतिशतको दरले बृद्धि भएको पाइएको छ।

गत सन् २०२१ मा आठ लाख ७९ हजार ४२९ जनाको मृत्यु भएको विवरण सरकारी अधिकारीहरुले बुधबार सार्वजनिक गरेका छन् । यो संख्या अहिलेसम्मकै सबैभन्दा धैरै भएको पनि उनीहरुको दावी छ । अघिल्ला बर्षहरुको तुलनामा सन् २०२१ मा यति धैरै मानिसको मृत्यु हुनुमा कोरोना भाइरसको महामारी नै मुख्य कारण रहेको अधिकारीहरूले जनाएका छन् ।

फिलिपिन्सको तथ्याङ्क प्राधिकरणले सार्वजनिक गरेको विवरण अनुसार सामान्यतयाः अन्य बर्षहरुमा एकदेखि पाँच प्रतिशतसम्म मृत्युदर बृद्धि हुने गरेको थियो ।

यसअघि सन् २०१९ मा छ लाख २० हजार ४१४ जनाको मृत्यु भएको थियो । त्यसका आधारमा दैनिक औसतमा एक हजार सात सयको मृत्यु हुने गरेको देखिएको थियो।

त्यो दैनिक औसत सङ्ख्या सन् २०२१ मा भने दुई हजार चार सयभन्दा बढी देखिएको छ । मृत्युको मुख्य कारण कोरोना भाइरस नै भएपनि अन्य रोगहरुका कारणले मृत्यु हुनेहरुको संख्या पनि धैरै देखिएको छ । दोस्रो धैरैमा हृदयघात देखिएको छ भने मस्तिष्कघात, मधुमेह, मानसिक तनाव लगायतका कारणले पनि धैरैको मृत्यु हुने गरेको पाइएको छ।

हार्दिक श्रद्धाञ्जलि



जन्म वि.सं. २०४२।०३।२८
स्व. शशिकर प्रसाद साह
स्वर्गा रोहन २०६७।०५।२३

यस संस्थाका गुठियार सदस्य शकिर प्रसाद साहको वाह्र वार्षिक पुण्य तिथिको अवसरमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौ ।

प्रभाकर प्रसाद साह उपसभापति एवं रामचन्द्र साह सभापति

श्री धर्म संस्था (रामस्वरुप साह , रामसागर साह)
मिल्स एरिया जनकपुरधाम-१ परिवार

# समयमा पानी नपरेका कारण दाङमा धान उत्पादनमा कमी हुने

देउखुरी। दाङमा समयमा पानी नपरेका कारण धानखेती प्रभावित भएको छ। आकाशे पानीबाट खेती लाग्ने जमिन बाँझै रहेका छन्। ती जमिन अहिले गौचरनमा परिणत भएका छन्। दुई उपमहानगरपालिका, एक नगरपालिका र सात गाउँपालिका रहेको दाङमा यस वर्ष समयमै पर्याप्त वर्षा नभएका कारण भदौ अन्तिम साता हुँदा पनि रोपाइँ हुनसकेको छैन।

लमही नगरपालिका-१ नर्तीका रुपलाल चौधरीको १० कट्ठा खेतमा धानखेती गर्नुभएको छ। "समयमा मल पाइएन, मल पाउँदा पानी भएन, जसोतसो मोटरको पानीले खेती गरियो", उहाँले भन्नुभयो, "गत वर्षजस्तो उत्पादन हुँदैन, आम्दानीको स्रोत भनेको खेतीपाती मात्रै छ।" त्यो राम्रो नभएपछि खर्च टार्न समस्या हुने उहाँ बताउनुहुन्छ।

घोराही-६ का किसान बुद्धिराज वलीले छ कट्ठा जमिनमा लगाएको धान सबै सुकेर पहेँलो भएको छ। "साउन पहिलो साता रापेको धान महिनाभर पानी नपाउँदा आशा मरेको थियो, भदौ लागेपछि पानी परेका कारण केही आशा पलाएको छ", उहाँले भन्नुभयो। धानका गरामा धाँजा फाटेको थियो, पूरै धान फल्ने आशा त छैन, बीउ उठ्छ कि भन्ने लागेको उहाँले बताउनुभयो।

दाङमा यस वर्ष पानी नपरेपछि धान खेती प्रभावित भएको छ। आकाशे पानीको भरमा खेती हुँदै आएको जग्गा बाँझै छन् भने धान रोपेका खेतका गह्रा सुकेर चिरा परेका छन्। समयमा पानी नपाएको धानले उत्पादन कम दिने किसानको भनाइ छ। अधिकांश ठाउँमा रोपाइ भए पनि केही ठाउँमा भने पानीको अभावमा खेत बाँझै भएको कृषि ज्ञान केन्द्र दाङले जनाएको छ। देउखुरी क्षेत्रमा धान रोपाइँ भए पनि घोराही, तुलसीपुर र त्यसभन्दा पश्चिम क्षेत्रका कृषकले धान रोपाइँ गर्न नसकेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी मनोजकुमार सिंहले बताउनुभयो।

उहाँका अनुसार यस वर्ष ८५ प्रतिशतमात्र धानखेती भएको छ भने बाँकी १५ प्रतिशत खेत बाँझै छ। दाङमा यस वर्ष ३९ हजार चार सय हेक्टर क्षेत्रफलमा रोपाइँ भएको छ। मौसम प्रतिकूलताका कारण अहिले जिल्लामा सबै क्षेत्रफलमा धान रोपाइँ नभएको र धान उत्पादनमा ह्रास आउने अनुमान गरिएको छ।

जिल्लामा ६५ हजार नौ सय ८० हेक्टर जमिन खेतीयोग्य छ। त्यसमध्ये ३० हजार चार सय हेक्टर जमिनमा धान खेती हुँदै आएको छ। उन्नाइस हजार छ सय ५१ हेक्टर जमिनमा पूणरूपमा सिँचाइ सुविधा पुगेको छ भने बाँकी ३९ हजार दुई सय ११ हेक्टर जमिनमा आंशिक सिँचाइको व्यवस्था छ।

कृषि ज्ञान केन्द्रको तथ्याङ्कअनुसार गत वर्ष नौ हजार तीन सय पाँच मेट्रिक टन बढी धान उत्पादन भएको थियो। अठतीस हजार चार सय ९७ हेक्टर क्षेत्रफलमा धानखेती गरिएको थियो। त्यसमा एक लाख ७९ हजार मेट्रिक टन धान उत्पादन भएको केन्द्रका सूचना अधिकारी सिंहले जानकारी गराउनुभयो। कृषकले सुक्खा-२, ३, रामधान, विन्देश्वरी, सामा मन्सुली, सावित्री, हाइब्रेड, युएस-३१२ जातका धानका बीउ रोपेका छन्। लमही, चैलाही, गोवडिया, रामपुर कर्जाही, चैनपुर, फचकपुर, गुरुवागाउँ, गुरगै, बिजौरी, पर्सेनीलगायतका ठाउँमा बढी धानखेती हुन्छ। रासस



धानबालीमा किटनाशक औषधी छर्किंदै किसान : राजविराज। सप्तरीको अग्निसाईर कृष्णासवरण गाउँपालिका-४ स्थित बनौलीमा धान बालीमा लाग्ने कीराबाट जोगिनका लागि किटनाशक औषधि छर्किंदै गरेको किसान । *तस्विर : रासस*

# पर्यटक लोभ्याउन कलाकृतिले सिगारिँदैछ अर्जुनधारा

झापा। प्रसिद्ध धार्मिकस्थल अर्जुनधारामा पर्यटकीय आकर्षण बढाउन परिसर बाहिर कलात्मक स्वागतद्वारलगायतका कलाकृति निर्माण गरिएको छ। धाम क्षेत्रको बाह्य आकर्षण बढाउन अर्जुनधारा नगरपालिकाको रु २८ लाखको लागतमा नगरकै प्रवेशद्वार अर्जुनधारा-६ स्थित महानन्द चोकमा कलात्मक स्वागतद्वार बनाइएको नगरपालिकाका सूचना अधिकृत हेमराज सेढाइँले बताउनुभयो।

विर्तामोड र अर्जुनधारा नगरपालिकाको सीमा क्षेत्रमा बनाइएको स्वागतद्वारको माथिल्लो भागमा महाभारतकालीन युद्धमा अर्जुनले बाण हान्दै गरेको प्रतिमा राखिएको छ भने खम्बाको दुईतिर महानन्द सापकोटा र भानुभक्तको अर्धकदको शालिक बनाइएको छ। महाभारतकालीन पौराणिक आख्यानसँग जोडिएको अर्जुनधारा जलेश्वर धाममा बर्सेनि दशौँ लाख तीर्थयात्री आउने गर्छन्। पशुपतिनाथको पेगोडा शैलीमा निर्मित यस धामको मूल मन्दिरमा पूजा गर्न दिनहुँ भक्तजनको घुइँचो लाग्ने गर्दछ।

यही कारण यसलाई पूर्वको पशुपतिनाथको रूपमा पनि चिनिन्छ। धार्मिक तथा प्राकृतिक पर्यटकीयस्थलले भरिभराउ रहेको अर्जुनधारालाई ऐतिहासिक तथा धार्मिक नगरका रूपमा चिनाउन नगरपालिकाले मन्दिर रहेको शनिश्चरे बजारलाई धार्मिक मान्यता अनुरुपको नगरीको रूपमा विकसित गर्ने कार्य गर्दै आएको छ। नगरपालिकाले बजारमा महाभारतकालमाश्रीकृष्णभगवानले अर्जुनलाई उपदेश दिइरहेको दृश्यबोध हुने विशाल प्रतिमा स्थापना गरिसकेको छ। यहाँ घुम्न आउने यो प्रतिमामा सेल्फी फोटो खिचाउन रुचाउने गरेको स्थानीय यलम्बर साप्ताहिका कार्यकारी सम्पादक राजन साम्पाङ बताउनुहुन्छ।

शनिश्चरेलाई झापाकै पुरानो बजार मानिने गरेको हुँदा बजारको बीचमा पचासौँ वर्ष पहिलेको अवस्था झल्काउने गोरुगाडाको विशाल प्रतिमासमेत राखिएको छ। बजार क्षेत्र हुँदै अर्जुनधारा जलेश्वर धाम, सुखानी सहिल स्मृति पार्क, कैदले पर्यटकीयस्थल, शङ्कराचार्य पीठ लगायतका ऐतिहासिक तथा धार्मिकस्थल पुगिने हुँदा यहाँ रात्रिकालीन उज्यालो सौर्य बत्तीको व्यवस्था मिलाइएको छ। अर्जुनधारा साहित्य र संस्कृतिको सङ्गमस्थल भएको जनाउँदै अर्जुनधारा नगरपालिकाका सूचना अधिकारी सेढाइँले प्रवेशद्वारमा आदिकवि भानुभक्त र महानन्द सापकोटाको सालिक राखिएको बताउनुभयो। अर्जुनधारामै हुर्किएका कृष्ण धरावासी, सञ्जीव उप्रेती, दुबसु, सरोज ओली, कुमार भट्टराई, जयप्रसाद ढकाल, कृष्ण बरालगायतका साहित्यकार देशकै ख्याति प्राप्त छन्।

अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेव गोम्देनले सय वर्ष पुरानो शनिश्चरे बजारको झल्को दिने उद्देश्यले गोरुगाडा र धार्मिक महत्व दर्शाउन कृष्णले अर्जुनलाई रथमा राखेर गीताको उपदेश दिइरहेको प्रतिमा बनाएर राखिएको बताउनुभयो। रासस

# तरकारी खेतीले किसानको बदलियो जीवन

म्याङ्लुङ। तेह्रथुमको लालीगुराँस नगरपालिका-५ की अम्बिका बस्नेतले छ रोपनी क्षेत्रफलमा तरकारी खेती गर्दै आउनुभएको छ। उहाँको मुख्य आम्दानीको स्रोत नै तरकारी खेती बनेको छ। तरकारी उत्पादनबाट मात्रै यस वर्ष रु पाँच लाख आम्दानी लिने लक्ष्य उहाँले लिनुभएको छ।

उहाँले मकैखेतीबाट घर व्यवहार चलाउन धौधौ परेपछि तरकारी खेती रोज्नुभएको हो। त्यसमा पनि उहाँले राम्रो आम्दानी गर्न सकिने भएकाले आफ्नो बारीमा बन्दाकोबी लगाउनुभएको छ। उहाँले यस वर्ष रु छ लाख आम्दानी गर्ने लक्ष्य लिनुभएको छ।

"पहिले हामी परम्परागत खेती गर्थ्यौं, मकै पाक्न पनि झण्डै सात महिना लाग्थ्यो, एक कमाइ नै पर्खेर बस्नुपर्थ्यो", उहाँले भन्नुभयो, "तर तरकारी खेतीबाट एक वर्षमा तीनपटकसम्म कमाइ सजिलै गर्न सकिन्छ, यसपालि तरकारीको बजार पनि राम्रो भएकाले सोचजस्तो आम्दानी हुन्छ भन्नेमा ढुक्क छु।"

अर्का किसान पृथ्वीबहादुर भट्टराई विगत २० वर्षदेखि तरकारी खेती गर्दै आउनुभएको छ। भट्टराईले तरकारी बिक्रीबाट मात्रै वार्षिक रु पाँच लाख बढी आम्दानी लिँदै आउनुभएको छ। उहाँका लागि आम्दानीको स्रोत नै तरकारी खेती बनेको छ।



"गाउँ तरकारी खेतीले बाह्रैमास हरियाली हुन्छ, कुनै-कुनै वर्ष तरकारीको भाउ नहुँदा मात्रै समस्या हुन्छ हामीलाई", उहाँ भन्नुहुन्छ, "बजारको समस्या छैन, अन्न बालीले हाम्रो श्रम र मेहेनत नै नउठ्ने भएपछि तरकारी खेती रोजेका छौँ, तरकारी खेतीले हाम्रो घरपरिवार चलाउन सहजमात्रै बनेको छ।"

बस्नेत र भट्टराईजस्तै यहाँका किसानले तरकारी खेतीबाटै वार्षिक लाखौँ आम्दानी लिँदै आएका छन्। यहाँका किसानले एक रोपनीदेखि २० रोपनीको क्षेत्रफलमा तरकारी खेती गर्दै आएका छन्। समय-समयमा बन्दामा लाग्ने रोग किराको प्रकोपले किसानलाई सताउने गरेको छ। बारीमा रोपेको केही समयपछि लाग्ने पात तथा डाँठ कुहिने रोगले प्रत्येक वर्ष किसान हैरान छन्। यस क्षेत्रमा सधैँ मल बीउको भने समस्या हुँदै आएको किसान उमेश खड्काको भनाइ छ।

सरकारले धनकुटाको छथर जोरपाटी गाउँपालिका, महालक्ष्मी नगरपालिका, तेह्रथुमको लालीगुराँस र म्याङ्लुङ नगरपालिका तथा छथर गाउँपालिका र सङ्खुवासभाको धर्मदेवी नगरपालिकालाई तरकारीको जोन क्षेत्र भन्ने गरेको छ। समयमै मल र बीउ नपाउँदा हैरानी व्यहोर्नुपरेको खड्काको दुःखेसो छ।

यो क्षेत्रमा काउली, बन्दा, मुला, गाँजर, आलु, मोटरकोसालगायतका तरकारी उत्पादन हुँदै आएको छ। यहाँ उत्पादन भएको तरकारी पूर्वी तराईका साथै भारतको सिक्किम दार्जिलङलगायतका स्थानमा निर्यात हुँदै आएको छ। यस क्षेत्रमा किसानले उत्पादन गरेको तरकारी भारतीय बजार सिलगुढी र कोलकतासम्म पुग्ने गरेको छ। तेह्रथुमको वसन्तपुर, सुङनाम, फुलेक, हमरजुङ, आङदिम, सङ्खुवासभाको तामाफोक र धनकुटाको मूर्तिढुङ्गा, मारेककटहरे, परेवादिन, सान्ने, पाख्रीबास, भिरगाउँ, तेलियालगायतका सडक दायाँबायाँ गाउँका किसानले उत्पादन गरेको बन्दा बारीबाट काटेको दिन नै भारतीय बजारमा पुग्ने गरेको सिंधुवा बजारस्थित कृषि भण्डारका प्रमुख बजार व्यवस्थापक मेघेन्द्र गुरुङले बताउनुभयो।

तेह्रथुमसहित धनकुटा र सङ्खुवासभाका ३० हजार बढी किसान व्यावसायिकरूपमा तरकारी खेती गर्दै आएका छन्। गुरुङका अनुसार बन्दाको खेतीमा लागेका किसानको सङ्ख्या पनि १५ हजार नाघेको छ। परम्परागत अन्नबालीबाट राम्रो आम्दानी नभएपछि तरकारी खेती रोजेका यहाँका किसानको आर्थिक स्रोत नै तरकारी खेती बन्दै आएको छ। गाउँ-गाउँमा सडक सञ्जाल जोडिएसँगै तरकारी खेती पनि फस्टाएको छ भने किसानलाई बजारसम्म पुऱ्याउन पनि सहज भएको छ।रासस

# रासायनिक मलको अभाव झेल्दै पोखरेली किसान

लेखनाथ। धान रोपाइँ सकिएको दुई महिना बितिसक्दा पनि लेखनाथ तथा आसपासका किसानले रासायनिक मल प्राप्त गर्न सकेका छैनन्। रोपाइँ सकेको एक महिनाभित्र धानमा युरिया मल छर्नुपर्ने हुन्छ तर धान रोपेको दुई महिना बितिसक्दा पनि किसानले रासायनिक मलको अभाव खेप्नुपरेको छ।



सरकारी अनुदानको रासायनिक मल खरिदको जिम्मा पाएको कृषि सामग्री कम्पनी र साल्ट टेडिङले कर्पोरेशनले बजार मागअनुसार रासायनिक मल ल्याउन नसक्दा किसानले मलको अभाव जेल्नुपरेको हो। धान रोपेको एक महिनामा पहिलो पटक र दुई महिनापछि दोस्रो पटक धानमा युरिया मल प्रयोग गरिन्छ तर यस वर्ष दोस्रो पटक छर्ने बेलामा मात्र मल आएको छ, त्यो पनि न्यून मात्रामा। रासायनिक मलकै अभावमा यस वर्ष धान उत्पादनमा १५-२० प्रतिशत कमी आउने किसान बताउँछन्।

कृषि सामग्री कम्पनी लिमिटेड गण्डकी प्रदेश कार्यालय पोखराका प्रमुख ठाकुरप्रसाद बाँस्तोलाले कास्की, मुस्ताङ र मनाङका लागि धान तथा तरकारीमा प्रयोग गर्न भदौमा मात्र चार सय ६५ टन आवश्यक पर्नेमा केन्द्रवाट एक सय ६० टन मात्र छुट्याइएकाले किसानले पर्याप्त मात्रामा मल पाउन नसकेको बताउनुभयो।

कास्कीका ६५ कृषि सहकारीलाई समान रुपमा रासायनिक मल वितरण गरिएको उहाँले जानकारी दिनुभयो। सरकारी अनुदानमा र सरकारी निगरानीमै कृषि सामग्री कम्पनीले ७० प्रतिशत र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले ३० प्रतिशत रासायनिक मल खरिद गरी किसानलाई सस्तो मूल्यमा बिक्री गर्ने जिम्मा पाएका छन्।

अनुदानको युरिया मलमा सरकारको ८६ दशमलव सात र किसानको १७ दशमलव तीन प्रतिशत मूल्य पर्छ। किसानको राहतका लागि सरकारले अनुदान रकम छुट्याएको भए पनि यस वर्ष ४५ प्रतिशत अनुदान रकम घटाइ दिएको छ।

विदेशबाट रासायनिक मल खरिद गरी सस्तो मूल्यमा बिक्री गर्ने जिम्मा लिएका ती कम्पनीले समयमै ल्याउन नसक्दा किसानले अभाव मात्र खेपेनन्, धान उत्पादनमा नोक्सान व्यहोर्नुपर्ने भएको छ। अघिल्लो आर्थिक वर्षमा सरकारले रासायनिक मल युरिया, डीएपी र पोटास खरिदका लागि रु २८ अर्ब अनुदान रकम छुट्याएकामा यस वर्ष रु १५ अर्ब मात्र छुट्याइएको सम्बन्धित कम्पनीका अधिकारी बताउँछन्।

कास्कीमा साउनका लागि मात्र तीन सय टन युरिया मल आवश्यक पर्छ। हाल १६० टन मात्र छुट्याएर पठाएको छ। यसले किसानलाई पुग्दैन। कास्की, मुस्ताङ र मनाङका लागि छुट्याएको एक सय ६० टन युरिया मल यहाँका किसानलाई प्रर्याप्त छैन। "मल छिट्टै ल्याउने तयारीमा छौँ, प्रमुख बाँस्तोलाले भन्नुभयो। साल्ट ट्रेडिङ कर्पोरेशन गण्डकी प्रदेश कार्यालय पोखराका प्रमुख वासुदेव उपाध्यायले अन्तर्राष्ट्रिय बजारमै रासायनिक मलको अभाव हुँदा समयमै ल्याउन नसकेको स्वीकार गर्नुभयो। कोरोनाकै कारण विदेशका केही रासायनिक मल उद्योग बन्द भएको र उनीहरुले आफैँलाई मात्र मल उत्पादन गरेका कारण खरिद गरेर ल्याउन कठिन भएको उहाँको भनाइ छ।

खरिद गरेर ल्याएको रासायनिक मल बिक्रीका लागि कृषि सहकारीमा पठाउने गरिएको उपाध्याय बताउनुहुन्छ। सम्बन्धित किकायबाट अनुगमन नभएकै कारण ती कृषि सहकारीले आफूखुसी मूल्य निर्धारण गर्ने गरेको पाइएको छ। रासायनिक मलमा केही सहकारीले बढी मूल्य लिएको भन्दै किसानले पोखरा महानगरीय कृषि महाशाखामा उजुरी दिएका छन्। महाशाखाका अनुसार कास्कीमा मात्र २५ हेक्टर क्षेत्रफलमा धान रोपाइँ गरिँदै आएको छ।

पोखरा-१३ का विष्णु अधिकारीले रासायनिक मल अभावकै कारण किसान यतिबेला छटपटाइरहेको बताउनुभयो। किसानले समयमा मल नपाउँदा उत्पादन नै घट्ने अवस्था भएको उहाँ बताउनुहुन्छ। तरकारीमा छर्नका लागि मल नहुँदा उत्पादन घटेको छ। धान रोप्दा हिलोमा छर्ने डीएपी अभाव नभए पनि युरिया अभाव हुँदा किसान मर्कामा परेका हुन्।रासस

# लयमा फर्किंदै सौराहाका पर्यटन व्यवसाय

भरतपुर। नेपालकै तेस्रो पर्यटकीय गन्तव्यका रूपमा रहेको चितवनको सौराहामा कोभिडले शिथिल पारेको पर्यटन व्यवसाय पुनः लयमा फर्किन लागेको छ। लामो समयदेखि कोभिड-१९ को मारमा परेका पर्यटन व्यवसायी चाडपर्व नजिकिएसँगै पर्यटकको आगमन बढ्ने आशमा छन्। उनीहरूले धमाधम चाडपर्व लक्षित छुट 'प्याकेज' घोषणा गरिरहेका छन्।

पछिल्लो समय आन्तरिक पर्यटकसँगै फाट्टफुट्ट विदेशी पर्यटकसमेत आउन थालेकाले यहाँको पर्यटनमा केही उत्साह थपिएको क्षेत्रीय होटल सङ्घ नेपाल सौराहाका अध्यक्ष दीपक भट्टराई बताउनुभयो। सौराहाको पर्यटन व्यवसाय केही समययता तङ्ग्रिन थालेको र होटल, पव, रेष्टुरेन्टमा अचेल आन्तरिक पर्यटक झुम्न थालेका उहाँको भनाइ छ।

चाडपर्व नजिकिएसँगै आन्तरिक तथा बाह्य पर्यटकले होटलबारे सोध्न थालेका र पर्यटक आउन सुरु भएकाले व्यवसायी उत्साही देखिएको अध्यक्ष भट्टराईले जानकारी दिनुभयो। "कोरोना महामारीले चितवनको मात्रै होइन, नेपालकै पर्यटन क्षेत्र प्रभावित बन्यो" उहाँले भन्नुभयो, "करिब दुई वर्ष हामीले होटल तालाबन्दी गरेर बस्नुपर्ने अवस्था आयो, अब अहिले विस्तारै होटल सञ्चालन गर्दै आएका छौँ।" अहिले सौराहाका होटल पूर्णरूपमा सञ्चालनमा आएका जनाउँदै उहाँले विदेशी पर्यटक फाट्टफुट्ट मात्र देखिएको बताउनुभयो। उहाँले गत वर्ष मात्रै दुई लाख आन्तरिक र बाह्य पर्यटक सौराहा आएको जानकारी दिनुभयो। यसपटक पर्यटकको सङ्ख्या बढ्ने अनुमान थियो तर आर्थिक मन्दीलगायतका कारणले सोचेअनुसार हुँदैन कि भन्ने चिन्ता थपिएको उहाँले बताउनुभयो।

पर्यटकको आगमन बढ्न थालेपछि देशमा चुनाव भएकाले पनि त्यसको असर र बर्खाका कारण पनि पर्यटक आउन नसकको २० देखि ४० प्रतिशतसम्म रहेको भट्टराईले जानकारी दिनुभयो। 'घुमौ सौराहा' अभियानलाई अहिले पनि निरन्तरता दिएको उहाँको भनाइ छ।

क्षेत्रीय होटल सङ्घ सौराहाका उपाध्यक्ष योगेश अधिकारीले विदेशी पर्यटक आउने सिजन सुरु भए पनि पर्यटक नआएको बताउनुभयो। उहाँले भन्नुभयो, "चिनियाँ पर्यटक नआएसम्म पर्यटन क्षेत्रले गति लिँदैन। केही समय भारतीय पर्यटक आए, तर कोभिडअघि जस्तो पर्याप्त आएनन्।" उहाँले बर्खायाम र आर्थिक मन्दीका कारणले घटेका पर्यटक फेरि थपिन सुरु भएका उहाँको भनाइ छ। "अहिले पर्यटन क्षेत्रले विस्तारै लय समात्न सुरु गरेको छ, अहिलेसम्म चहलपहल खासै नबढेको भए पनि अब चाडपर्व सुरु भयो पर्यटक बढ्छन् भनेर हामी ढुक्क छौँ", अध्यक्ष भट्टराईले भन्नुभयो, "विस्तारै आन्तरिक र बाह्य पर्यटकको चहलपहल पनि बढ्न थालेको छ।"

> *"किशोरावस्थाका आन्तरिक पर्यटक नेचरमा रमाउनभन्दा 'गुड फ्राइडे' भनेर खाने, रमाउने, पिउने, इन्जोय गर्ने भन्ने हिसाबले बढी खर्च गर्ने गरेको देखिएको छ"*

सौराहामा कोभिडको बेला सुरु भएको छुटको अभियान अहिले पनि होटलको स्तर हेरेर वताउनुभयो। सौराहामा सभा सेमिनार भने क्रमशः हुन थालेको उहाँले बताउनुभयो। "दशैं, तिहार, छठलगायतका चाडपर्व नजिकिँदै छ", उपाध्यक्ष य अधिकारीले भन्नुभयो, "अब आन्तरिक पर्यटकको आउने अपेक्षा राखेका छौँ।"

सौराहामा शुक्रबार र शनिबार आन्तरिक पर्यटक आउने तथा अन्य दिनमा गोष्ठीलगायतका कार्यक्रम हुन थालेका व्यवसायी ध्रुव गिरी बताउनुभयो। "अहिले पछिल्लो समय नेपाली युवाहरू आउने गरेका छन्", गिरीले भन्नुभयो, "विदेशबाट समेत होटलको बारेमा बुझ्ने र कोठा बुकिङ गर्न सुरु भइसकेको छ।" पछिल्ला दिनमा पर्यटक आगमनमा वृद्धि भइरहेको उहाँको भनाइ छ।

यहाँ आउने अधिकांश पर्यटक जङ्गल सफारी गर्न रुचाउँछन्। सौराहा आउने विदेशी पर्यटक जङ्गल सफारी तथा जीप सफारीमा रमाउने भए पनि नेपाली पर्यटक भने खाने पिउने गरी आउने हुनाले आन्तरिक पर्यटकले बढी खर्च गर्ने गरेका छन्। "कोभिड पछाडि हामीले होटल खोल्यौँ त्यसपछि नेपाली पर्यटक धेरै आउनुभएको छ", व्यवसायी गिरीले भन्नुभयो, "विशेषगरी अहिले 'गुडफ्राइडे' भन्ने प्रचलनत सुरु भएको छ, त्यसैले पनि शुक्रबार र शनिबार सौराहामा राम्रै नेपाली पर्यटक आउने गरेका छन्।"

सौराहामा गुड फ्राइडे भनेर आउनेमध्ये बढीमात्रामा युवाहरू भएका जनाइएको छ। "किशोरावस्थाका आन्तरिक पर्यटक नेचरमा रमाउनभन्दा 'गुड फ्राइडे' भनेर खाने, रमाउने, पिउने, इन्जोय गर्ने भन्ने हिसाबले बढी खर्च गर्ने गरेको देखिएको छ", व्यवसायी गिरीले भन्नुभयो, "यहाँ आउने विदेशी भने जङ्गल ड्राइभ, जीप सफारी रमाउने गरेकामा नेपालीहरू भने फ्राइडेको दिनमा होलिडे मनाउन आएको भन्दै अलिकति बढी खर्च गर्ने गरेको हामीले पाएका छौँ।" रासस

# मधेश विश्वविद्यालयको स्थापना




**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जमा मधेश विश्वविद्यालय स्थापना भएको छ । बुधबार मधेश प्रदेश सरकारको अगुवाइमा वीरगञ्जमा भव्य कार्यक्रमको आयोजना गरेर मधेश विश्वविद्यालय स्थापना गरिएको हो ।

विश्वविद्यालयको उपकुलपतिमा वीरगञ्ज पब्लिक क्याम्पसका सञ्चालक प्राध्यापक डाक्टर दिपक शाक्यलाई नियुक्त गरिएको छ । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष एवं पूर्व उप प्रधानमन्त्री उपेन्द्र यादवले बुधवार विश्वविद्यालयको उदघाटन गरे ।

मधेशमा उच्च शिक्षाको विकासका लागि मधेश विश्वविद्यालय कोशेढुंगा सावित हुने उनले विश्वास व्यक्त गरे ।

उनले भने, 'वीरगञ्जमा पहिलेदेखि नै विश्वविद्यालय स्थापनाका लागि प्रयास हुँदै आएको थियो । तर सरकारले स्वीकृति नदिंदा सार्थकता पाउन सकेको थिएन । मधेश सरकारले त्यो सपना पूरा गरिदियो।'

विश्वविद्यालयको कार्यालय वीरगञ्जस्थित नेशनल ट्रेडिङको भवनमा स्थापना भइसकेको छ । पर्सा जिल्लामा १०० बिघा जमिन खोजेर विश्वविद्यालयको थप संरचनाहरू बनाउने तयारी छ ।

स्थापना समारोहमा मुख्यमंत्री मोहम्मद लालबाबु राउत, वीरगञ्ज महानगरका नगर प्रमुख राजेशमान सिंह, जनकपुरधाम उप-महानगरपालिकाका पूर्व मेयर र जसपाका राजनीति समिति सदस्य लालकिशोर साह लगायत सहभागी थिए ।

# १५० उम्मेदवारको नाम सिफारिस, सभापति यादव ५ ठाउँबाट

**राकेश यादव**

रौतहट । नेपाली कांग्रेस रौतहटले आसन्न निर्वाचनको लागि १५० जना भन्दा बढी उम्मेदवारको नाम सिफारिश गरेको छ ।

मंसिर ४ मा हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि कांग्रेसले ४ वटा प्रतिनिधि सभा निर्वाचन क्षेत्र र ८ वटा प्रदेश सभा क्षेत्रको लागि करीब ५० जना सम्भावित उम्मीदवारको नाम प्रत्यक्ष तर्फ र १०० जनालाई समानुपातिक तर्फ सिफारिस गरेको छ ।

नेपाली कांग्रेस मधेश प्रदेश समितिका सभापति कृष्ण यादवको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर १ र ३ बाट तथा प्रदेश सभाको ३ निर्वाचन क्षेत्र गरी ५ ठाउबाट नाम सिफारिस गरिएको छ ।

मधेश प्रदेशका सभापति यादवको नाम १ र ३ नम्वर क्षेत्रको प्रतिनिधि सभामा तथा प्रदेश सभाको लागि १ नम्वर क्षेत्रको 'क' र 'ख' एवं निर्वाचन क्षेत्र नम्वर ४ को 'ख' गरी ५ स्थानबाट नाम सिफारिस गरिएको छ ।

क्षेत्रिय समितिको सिफारिसको आधारमा प्राप्त भएको सम्भावित उम्मेदवारको नामावली नेपाली कांग्रेस जिल्ला समिति रौतहटले निर्णय गरेर प्रदेश समितिमा सिफारिस गरी पठाइएको जिल्ला सभापति सुनिलकुमार यादवले जानकारी दिए ।

रौतहट क्षेत्र नम्वर १ प्रतिनिधि सभाको लागि कृष्ण यादवको एकल नाम सिफारिस गरिएको हो भने निर्वाचन क्षेत्र नम्वर २ को प्रतिनिधि सभाको लागि निलम्वीत सांसद मोहम्मद आफताव आलम र अन्जु झा तथा क्षेत्र नम्वर ३ को प्रतिनिधि सभाको लागि कृष्ण यादव, सुनिलकुमार यादव र ओमप्रकाश जायसवाल तथा निर्वाचन क्षेत्र नम्वर ४ प्रतिनिधि सभाको लागि देवप्रसाद तिमलसिना, रविन चन्द्र कोइराला, मिथिलेशकुमार मिश्र, शेख अमिरुल, कल्याण कार्की र सन्ध्या देवीको नाम सिफारिस गरिएको छ ।

यस्तै प्रदेश सभाको जिल्लामा रहेको ८ क्षेत्र मध्ये रौतहट निर्वाचन क्षेत्र नम्वर १ को (क) मा कृष्ण यादव, नागेन्द्र साह (ख) बाट कृष्ण यादवको एकल नाम सिफारिस भएको छ । निर्वाचन क्षेत्र नम्वर २ को (क) बाट सकिल अख्तर, लालविहारी साह, लालबाबु जयसवाल, शेख रासिद अली र पंकज

> **मंसिर ४ मा हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि कांग्रेसले ४ वटा प्रतिनिधि सभा निर्वाचन क्षेत्र र ८ वटा प्रदेश सभा क्षेत्रको लागि करीब ५० जना सम्भावित उम्मीदवारको नाम प्रत्यक्ष तर्फ र १०० जनालाई समानुपातिक तर्फ सिफारिस गरेको छ ।**

सिन्हा, क्षेत्र नम्वर २ को (ख) बाट रामचन्द्र गिरीको एकल सिफारिस गरिएको छ।

क्षेत्र नम्वर ३ को (क) मोहम्मद फिरोज आलम, बालमिकी प्रसाद यादव, राममंगल प्रसाद यादव, जवाहरलाल प्रसाद यादव र मोहम्मद शेराजको नाम सिफारिस गरिएको छ। क्षेत्र नम्वर ३ को (ख) मा सुनिलकुमार यादव, नविनचन्द्र यादव, राजकिशोर प्रसाद साह, उमेश राय यदाव र भैरो लाल महतोको नाम सिफारिस भएको छ।

क्षेत्र नम्वर ४ को (क) मा धनलाल ठोकर, अजय कुमा, लेखनाथ कोइराला, जितेन्द्र चौधरी, संजयकुमार कार्की, सुर्य बहादुर थापा, केदार थापा, अधिकलाल चौधरी, मुकेश गिरि, गीता भारती गरी १० जनाको नाम सफारिस भएको छ।

निर्वाचन क्षेत्र नम्वर ४ को (ख) मा कृष्णप्रसाद यादव, लालबाबु प्रसाद यादव, संजय यादव, गोविन्द साह, मोहम्मद जमसैद, शेख नजबुल्लाह, रामकृष्ण चौधरी, लक्ष्मण साह, लालबाबु सहनी, रामवशिष्ट राय यादव, उपेन्द्र साह र चुनचुन साह गरी १२ जना सम्भावित उम्मेदरवारको नाम सिफारिस सहित मधेश प्रदेश कार्यालयमा पठाइएको जिल्ला समिति रौतहटले जनाएको छ ।

समानुपातिक तर्फ सिफारिस गरिएका उम्मीदवारहरुमा निर्वाचन क्षेत्र नम्वर १ प्रतिनिधि सभाको लागि रामकृपाल यादव, नरेन्द्र पासवान, भुवनी गिरि श्रेष्ठ र विन्दा साहनीको नाम सिफारिस गरिएको छ । निर्वाचन क्षेत्र १ को (क) मा शान्ति देवी, शम्भु प्रसाद यादव, डा. शाहनाज खातुन चिरञ्जीवी प्रसाद सिंह, रामवशिष्ट राय यादव, प्रकाश कुमार सिंह, अनिताकुमारी साह, अम्बिका कुमारी गुप्ता र काशीलाल चौधरी (ख) मा सन्तुप्रसाद यादव, इन्दुकुमारी साह, नितेशकुमार गुप्ता, नजमा खातुन, सोविता सहनी, जिरमन्ति देवी यादव, सन्तलाल साह, हरेन्द्र राय यादव, रेणु यादव रहेका छन् ।

क्षेत्र नम्वर २ प्रतिनिधि सभा तर्फ समानुपातिकमा सम्भावित उम्मेदवारहरु रामलोचन प्रसाद कलवार, जफिरा खातुन, धर्मेन्द्र पासवान, अन्जु झा प्रदेश तर्फ (क) मा मोहम्मद महताव आलम, गृषनन्दन कुमार सिंह, जमुना ठाकुर, प्रेमकुमार यादव, शेख फजरुल्लाह, निकहत वेगम, कौशर आलम, जुहीकुमारी झा, सामा अख्तर र रामलोचन प्रसाद कलवार (ख) मा रामचन्द्र गिरी, साहजहाँ वेगम, बचिया देवी, रेणुकुमारी यादव, सुरेश प्रसाद पटेल, मोसिमा वेगम, नवलकिशोर साह, शर्मिला देवीको नाम समावेश गरिएको छ।

क्षेत्र नम्वर ३ प्रतिनिधि सभा समानुपातिक तर्फ निर्मला सुवेदी, फिरोज आलम। प्रदेश (क) तर्फ बालमिकी प्रसाद यादव, ज्ञानेन्द्र प्रसाद यादव, पवनराज गिरी, रामएकवाल राय यादव, शेख फैज अहमद, शेख कमरुद्दिन, आशाकुमारी यादव, शेख सनाउल्लाह, रमेशप्रसाद खरेल इन्दिरा देवी चौधरीर र मोहम्मद शेराज (ख) तर्फ सुनिलकुमार यादव, निलम देवी, हृदयनारायण राय यादव, रंगिला देवी जयसवाल, सुनिता देवी यादव, सति देवी, महादेव साह, जोगिन्द्र राय, उमाकान्त सहनी, उमेश चौधरी र प्रकाश श्रेष्ठ रहेको छ।

क्षेत्र नम्वर ४ प्रतिनिधि सभा र प्रदेश सभा समानुपातिक तर्फ सरस्वती गिरी, अनिता कर्ण, अनन्त कोइराला र लक्ष्मि बराल । प्रदेश तर्फ (क) मा सुबास कोइराला, सपुतबहादुर कार्की, श्रृष्टि श्रेष्ठ, भागरिथ दास तत्मा, चन्द्रकुमारी गुरुंग, माहानन्द राय यादव, गणेश प्रसाद चौलागाई, सानुमाया ठोकर, प्रमोद हजरा, शैलेन्द्र चौधरी, विनोद गुप्ता तथा (ख) तर्फ शम्भु पटेल, सुनिता श्रेष्ठ, शेख तवारक, शेर मजिद, रोज महम्मद, विश्वनाथ राम यदाव, अदुद मिया कवारी, नेक महम्मद, इन्दल दास र गजेन्द्र पाल रहेका छन ।

# कार्यदलले आज प्रतिवेदन बुझाउने

**टुडे समाचारदाता**

काठमाण्डु । प्रनिनिधिसभा र प्रदेशकाको क्षेत्रको बाडफाँट टुंग्याउन बसेको सत्ता गठबन्धनको कार्यदल बैठकले प्रतिवेदनलाई अन्तिमरुप दिएको नेताहरुले बताएका छन् । तर, सिट संख्या तोक्ने जिम्मा भने शीर्ष नेताहरुलाई छाडिदिएको उनीहरुको भनाइ छ।

कार्यदलमा रहेका माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले प्रतिवेदन करिब टुंगिएको र भोलि बिहान फेरि बसेर शीष नेतृत्वलाई बुझाउने बताए।

'हामीले प्रतिवेदन आज करिब टुंग्यौं, हामी भोलि बिहान बसेर प्रतिवेदनलाई अन्तिम रुप दिएर दिउँसो बुझाउँछौं,' उनले भने ।

गठबन्धनमा नेपाली कांग्रेसले १००, माओवादी केन्द्रले ६०, एकीकृत समाजवादीले ४०, जनता समाजवादीले २५ र राष्ट्रिय जनमोर्चाले २ क्षेत्रमा दाबी गर्दै आएको छ।

पुनले दलहरुले पाउने संख्या भने भोलि शीर्ष नेतृत्वसँग टुंग्याउने बताए। सरकारका प्रवक्ता एवम् कार्यदलका सदस्य ज्ञानेन्द्रबहादुर कार्कीले कार्यदल सहमति नजिक पुगेको बताए ।

# निजामती दिवसमा सेवा निवृतलाई सम्मान

**अजमल मिकरानी**

मलंगवा । १९ औं निजामती सेवा दिवस विभिन्न कार्यक्रम गरी सर्लाहीमा पनि मनाएको छ । 'व्यावसायिक र सिर्जनशील प्रशासन :विकास, समृद्धि र सुशासन' भन्ने मुल नाराका साथ यस वर्षको निजामती सेवा दिवस मनाएको छ ।

२०१३ साल भदौ २२ गते निजामती सेवा ऐन जारी भएको दिनको अवसर पारेर हरेक वर्ष भदौ २२ गतेलाई निजामती सेवा दिवसको रुपमा मनाउने गरिएको छ ।



दिवसको अवसरमा वुधवार बिहान सर्लाहीको सदरमुकाम मलंगवामा प्रभात फेरि सहित जिल्ला समन्वय समितिको परिसरमा विशेष कार्यक्रम आयोजना गरिएको थियो । कर्मचारी मिलन केन्द्र सर्लाही र नेपाल निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन सर्लाहीको आयोजनामा युनियनका अध्यक्ष उमेश मिश्रको सभापतित्व, केन्द्रका अध्यक्ष राम दरेश रायको विशेष सकृयता र सहयोग तथा प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमको प्रमुख आतिथ्यमा १९ औं निजामती सेवा दिवस मनाएको छ ।

दिवसको अवसरमा यसै वर्ष सेवा निवृत भएका ७ जना कर्मचारीहरुलाई कदर पत्र सहित सोही कार्यक्रममा सम्मान समेत गरिएको थियो । सम्मानित हुने ७ जना कर्मचारीहरुमा चक्रघटटा गाउपालिकाका लेखापाल शिवशंकर प्रसाद कुशवाहा, चन्द्रनगर गाउँपालिकाका पूर्व प्रशासकीय अधिकृत हरिकान्त लाल कर्ण, जिल्ला अदालतका पुण्यदेव मण्डल, चक्रघट्टा गाउँपालिकाका राजेश्वर प्रसाद साह, लालबाबु प्रसाद साह, बिरेन्द्र झा र किशोरी राय यादव रहेका छन्।

सम्मानित सबै सेवानिवृत कर्मचारीहरुलाई नेपाल निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन सर्लाहीका अध्यक्ष उमेश मिश्र र प्रमुख जिल्ला अधिकारी गौतमले सामुहिक रुपमा फूलमाला अबिर लगाई कदर-पत्रबाट सम्मानित गरेका थिए ।

कर्मचारी मिलन केन्द्र सर्लाहीका सचिव सुनिल कुमार कुशवाहाले दिवसको अवसरमा शुभकामना तथा स्वागत मन्तव्य व्यक्त गरेका थिए। उनले संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै राष्ट्रसेवक निजामती कर्मचारीलाई अझ बढी समर्पण भावका साथ देश र जनताको सेवामा काम गर्ने हौसला दिवसले दिएका थिए।

समारोहमा निजामती सेवाका उत्कृष्ट कर्मचारीहरुलाई सम्मान यस वर्ष प्राविधिक कठिनाईले गर्न नसकिएको नेपाल निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन सर्लाहीका अध्यक्ष उमेश मिश्रले बताए । यस वर्ष कर्मचारीको छनोट गर्न भने सकेन । तर अर्को वर्ष उत्कृष्ट कर्मचारीहरुलाई सम्मान गर्ने ट्रेड युनियन सर्लाहीका अध्यक्ष उमेश मिश्रले प्रतिबद्धता व्यक्त गरे ।

दिवसको अवसरमा बुधवार साँझ सबै सरकारी कार्यालयहरुमा दिपावली गरिएको छ भने प्रादेशिक अस्पतालका बिरामीहरुलाई फलफूल बितरण लगायतका कार्यक्रम प्रत्येक वर्ष झै यस बर्ष पनि गरिएको छ। यस अवसरमा प्रमुख जिल्ला अधिकारी गौतमले सेवाग्राहीको करबाट तलब भत्ता बुझ्ने सबै कर्मचारीले सेवाग्राहीलाई मुस्कान सहितको सेवा दिन आग्रह गरे । सरकारले कर्मचारीहरुलाई सबै सेवा दिएपनि राष्ट्रभक्त कर्मचारीहरु प्रति समाजमा स्थापित हुदै गएको नकारात्मक सोचलाई कर्मचारीहरुले सबल र सार्थक सेवा दिएर जनताको नुनको कर्ज चुकाउनु पर्ने बेला भएको उनले बताए ।

कार्यक्रमलाई सम्बोधन गर्दै कर्मचारी मिलन केन्द्र सर्लाहीका अध्यक्ष राम दरेश रायले सम्पूर्ण कर्मचारीहरुको छाता संगठनको रुपमा रहेको यस केन्द्रले राष्ट्र सेवक कर्मचारीहरुको हकहितको लागि काम गर्ने साथै सेवा लिन आउने सेवाग्राहीहरुलाई मुस्कान सहितको सेवा प्रदान गर्ने बताए ।

आधिकारिक ट्रेड युनियन सर्लाहीका अध्यक्ष मिश्रले कुनैपनि कर्मचारीलाई बिना कारण गालीबेईज्ती गर्ने व्यक्तिलाई कानूनी कारवाही हुनुपर्नेमा जोड दिए ।

# मेयरमा पराजित, संघ र प्रदेशमा एकल सिफारिस

**टुडे समाचारदाता**

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले धनुषामा सबै सिटका उम्मेदवार सिफारिस टुङ्गो लगाएको छ । बुधबार प्रतिनिधि सभा, प्रदेशसभा र समानुपातिकतर्फको उम्मेदवार सिफारिस गरी जिल्ला कमिटीमा पठाएको हो । धनुषामा कमजोर देखिएको लोसपाले बैशाख ३० गते सम्पन्न स्थानीय निर्वाचनमा पराजित नेतालाई संघ र प्रदेशमा एकल सिफारिस गरेको छ ।

पार्टीले प्रतिनिधिसभा सदस्यमा उम्मेदवारको रुपमा धनुषा निर्वाचन क्षेत्र नम्बर १ बाट रामबाबु यादवको नाम एकल सिफारिस गरेको छ । यादव बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा गणेशमान चारनाथ नगरपालिकामा पराजित भएका थिए । उनी ०७४ को स्थानीय निर्वाचनमा उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी पार्टीबाट निर्वाचित थिए। तर यस पटक जसपाले उनलाई टिकट नदिँदा अन्तिम समयमा लोसपामा प्रवेश गरी मेयर पदका उम्मेदवार बनेका थिए । सो निर्वाचनमा उनले एक हजार तीन सय २३ मत मात्रै प्राप्त गरे ।





यस्तै, पार्टीले मेयरमा पराजित अर्का उम्मेदवार रामज्ञान मण्डलको पनि एकल नाम सिफारिस गरेको छ । मण्डललाई सोही निर्वाचन क्षेत्रको 'ख' को लागि प्रदेशसभा उमेदवारको रुपमा नाम सिफारिस गरेको छ । उनी गएको स्थानीय निर्वाचनमा हँसपुर नगरपालिकामा पराजित भएका थिए। उनले ०७४ को स्थानीय तहको निर्वाचनमा तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा)बाट निर्वाचित भएका थिए । तर यस पटक दुई हजार आठ सय १५ मत मात्रै पाउन सके ।

निर्वाचन क्षेत्र १ को (क) का लागि संजयकुमार सिंहको नाम एकल सिफारिस भएको लोसपा धनुषा जिल्ला अध्यक्ष परमेश्वर साहले जानकारी दिए । उनका अनुसार निर्वाचन क्षेत्र नम्बर २ का लागि प्रतिनिधिसभातर्फ प्रत्यक्षमा उमाशंकर अरगरियाको नाम एकल सिफारिस भएको छ । नर्वाचन क्षेत्र २ को (क) मा सुनिल कुमार यादव, संजय कुमार साह, रामकुमार भिनवार, सरोज कुमार महरान र संजय कुमार यादवसहित ५ जनाको नाम सिफारिस भएको छ।

क्षेत्र नम्बर २ को (ख) मा प्रत्यक्षतर्फ रामेश्वर यादव, चन्द्रनारायण मण्डल, नरेश कुमार मण्डल, दीपेन्द्र कुमार मिश्र र महाशंकर ठाकुर र समानुपातिकतर्फ बनारसी देवी यादव, रीता देवी ठाकुर, हबिब मंसुरी, नवल कुमार दास, बेचनी देवी पण्डित, रेखा साह, ललीता देवी मण्डल, रुक्मीनी मण्डल, ईस्माइल कवारीसहित ९ जनाको नाम सिफारिस भएको छ।

धनुषा निर्वाचन क्षेत्र नम्बर ३ मा प्रतिनिधिसभाका लागि प्रत्यक्षतर्फ पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोको नाम एकल सिफारिस भएको छ । सोही निर्वाचन क्षेत्रको (क) मा प्रत्यक्षतर्फ कविन्द्रनाथ ठाकुर, श्याम कुमार मिश्र, रोहित कुमार चौधरी, शिवशंकर राउत र उर्मिला मण्डलसहित ५ जनाको नाम सिफारिस भएको छ। क्षेत्र नम्बर-३ को (ख) मा प्रत्यक्षतर्फ परमेश्वर साह, कामेश्वर झा, संजय कुमार चौधरी र दिपक कुमार झासहित ४ जनाको नाम सिफारिस भएको छ।

यस्तै, निर्वाचन क्षेत्र नम्बर ४ मा प्रत्यक्ष तर्फ उमाकान्त झा, लक्ष्मण यादव र धिरेन्द्र मिश्रको नाम सिफारिस भएको छ। सोही निर्वाचन क्षेत्रको (क) का लागि नरेश यादव, मो. अकवर नदाफ र उपेन्द्र कुमार साहको नाम सिफारिस भएको छ। प्रदेशसभामा क्षेत्र नम्बर ४ को (ख) का लागि प्रत्यक्षतर्फ अजय कुमार राउत, विजय सिंह, विन्दीलाल महतो र प्रदिप सिंहको नाम सिफारिस भएको छ।

धनुषामा निर्वाचन क्षेत्र ४ बाहेकका क्षेत्रमा प्रतिनिधिसभा तर्फ एकल नाम सिफारिस भएका छन् । तर प्रदेश र प्रतिनिधिसभा तर्फ ठुलो संख्यमा समानुपातिक तर्फ नाम सिफारिस भएको छ।

# हात्तीले पाँच घर भत्कायो

**टुडे समाचारदाता**

जलेश्वर । जङ्गली हात्तीले महोत्तरीको बर्दिबास नगरपालिकाभित्र पाँच घर भत्काइदिएको छ । हात्तीले बर्दिबास -८ मा चार र वडा नं १० मा एक घर भत्काएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक कृष्णप्रसाद पङ्गेनीले जानकारी दिएका छन् ।

उनका अनुसार रातका समयमा जङ्गलबाट आएका हात्तीको झुन्डले जितबहादुर योञ्जन, सोमबहादुर तामाङ, बुद्धिमान सिग्देल र जयकिसुन महतोको घर भत्काएको थियो ।

अँध्यारोको बेला अचानक आएका हात्तीले एकाएक घर भत्काउन थालेपछि गाउँभरि हो-हल्ला भएको र घरधनीहरूले घर छाडेर भागेका थिए । हात्तीको उपद्रवबाट घरभित्रका सबैथोक नष्ट भएको छ भने घर भत्किएर ती परिवारको बिजोग भएको छ ।

हात्तीको आक्रमणबाट मानवीय क्षति नभएको प्रहरीले जनाएको छ ।

# अतिक्रमण गरेर बनाइएका संरचना हटाइँदै

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्ज महानगरपालिकाले सडक अतिक्रमण गरी बनाइएका विभिन्न संरचना हटाउने भएको छ ।

महानगरपालिकाले पहिलो चरणमा सडक अतिक्रमण गरी बनाइएका घर टहरा हटाउन ३५ दिने सूचना जारी गरेको छ ।

नगरप्रमुख राजेशमान सिंहका अनुसार सडक विस्तारका लागि सो क्षेत्रमा अनधिकृत रुपमा निर्मित घर, टहरालगायत संरचना हटाउन सूचना जारी गरिएको हो । गण्डक चोकदेखि विद्युत् गृह, घण्टाघर, माइस्थान, महावीर स्थान, आदर्शनगर, अलखिया मठ, बिर्ता मन्दिर, नारायणी अस्पताल, वीरगञ्ज भन्सार कार्यालय हुँदै दक्षिणमा शङ्कराचार्य द्वारसम्म सडकको दायाँबायाँ अतिक्रमण गरी बनाइएका घरटहरा हटाउन सूचना जारी गरिएको छ ।

सडकको दुवैतर्फ निर्माण भएका घरको महानगरपालिकाबाट नक्सा स्वीकृत भए नभएको सबुत प्रमाण लिइ ३५ दिनभित्र महानगरपालिका कार्यालयको भवन निर्माण तथा इजाजत शाखामा सम्पर्क राख्न सरोकारवालालाई आग्रह गरिएको छ । सडकको जग्गा अतिक्रमण गरी संरचना निर्माण गरिएको प्रमाणित भए स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कारबाही गरिने सिंहले बताए ।

## औषधि गोदाम सिल

वीरगञ्जको औषधि कम्पनीको गोदाममा जिल्ला प्रशासन कार्यालयको टोलीले छापामारी सिल गरेको छ ।

पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेल नेतृत्वको अनुगमन टोलीले युपिएस फर्मा र जि फर्मा लिङ्कमा छापा मारेर गोदाम सिल गरेको हो ।

उपभोक्ता हित संरक्षण मञ्च वीरगञ्जका अध्यक्ष अजित भुजेलका अनुसार अनुगमनका क्रममा कम्पनीको गोदाममा म्याद नाघेका औषधि फेला परेपछि गोदाम सिल गरिएको हो ।

पौडेलको नेतृत्वमा मञ्च, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, औषधि व्यवस्था विभाग, खाद्य तथा गुण नियन्त्रण कार्यालय र वडा प्रहरी कार्यालय बिर्ताको संयुक्त टोलीले गोदाममा छापा मारेको हो ।

खेतबारी तथा उर्वर भूमि बाँझो नराखौं ।

भूमिको अधिकतम उपयोग गरौं ।

कृषिलाई आत्मनिर्भर मात्र होईन व्यवसायिक बनाऔं ।

भूमिको बहुउपयोग गरी उत्पादन बढाऔं र स्वदेशी अर्थतन्त्रमा टेवा पुयाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८